# सामुदायिक नीति निर्माण प्रक्रिया र महिला सहभागिता

मकवानपुर जिल्ला हेटौंडा नगरपालिकाको संजीवनी वचत तथा ऋण
सहकारी संस्थाका महिला सदस्यहरुको
समाजशास्त्रीय अध्ययन

समाजशास्त्र/मानवशास्त्र विभाग
**मकवानपुर बहुमुखी क्याम्पस**
समाजशास्त्र विषयको स्नातकोत्तर तहको
आंशिक आवश्यकता पूरा गर्नको लागि तयार पारिएको

## शोधपत्र

प्रस्तुतकर्ता
संगीता जोशी
२०६८

त्रिभुवन विश्वविद्यालयबाट सम्वन्धन प्राप्त

# मकवानपुर बहुमुखी क्याम्पस

# समाजशास्त्र/मानवशास्त्र विभाग

## हेटौडा मकवानपुर

## सिफारिस पत्र

मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधि हासिल गर्नका लागि आंशिक आवश्यकता पूरा गर्न संगीता जोशीद्वारा **सामुदायिक नीति निर्माण प्रक्रिया र महिला सहभागिताः मकवानपुर जिल्ला हेटौडा नगरपालिकाको संजिवनी वचत तथा ऋण सहकारी संस्थाका महिला सदस्यहरुको समाजशास्त्रीय** अध्ययन शीर्षकको शोधपत्र मेरो सुपरिवेक्षणमा तयार भएको हो । प्रस्तुत शोधपत्र परीक्षण स्वीकृतिको लागि सिफारिस गर्दछु ।

**ईश्वरी प्रसाद पोखरेल**

**सहायक प्राध्यापक**

**समाजशास्त्र/मानवशास्त्र विभाग**

**मकवानपुर बहुमुखी क्याम्पस, हेटौंडा**

**मिति : २०६८/०७/२४**

**Date : 10/11/2011**

त्रिभुवन विश्वविद्यालयबाट सम्वन्धन प्राप्त

# मकवानपुर बहुमुखी क्याम्पस

# समाजशास्त्र/मानवशास्त्र विभाग

हेटौडा मकवानपुर

## स्वीकृति पत्र

मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधि हासिल गर्नको लागि आंशिक आवश्यकता पूरा गर्न संगीता जोशीद्वारा **सामुदायिक नीति निर्माण प्रक्रिया र महिला सहभागिताः मकवानपुर जिल्ला हेटौडा नगरपालिकाको संजिवनी वचत तथा ऋण सहकारी संस्थाका महिला सदस्यहरुको समाजशास्त्रीय अध्ययन** शीर्षकको शोधपत्रलाई स्वीकृति प्रदान गरियो ।

**शोधपत्र मूल्यांकन समिति**

**ईश्वरी प्रसाद पोखरेल**
**शोध निरीक्षक**

**रामपण्डित खनाल**
**बाह्य निरीक्षक**

**वीरेन्द्र प्रसाद शाह**
**अध्यक्ष, विभागीय प्रमुख**
Co-ordinator
**मिति : २०६८/०९/२२**
**Date : 06/01/2012**

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त

# मकवानपुर बहुमुखी क्याम्पस

# समाजशास्त्र/मानवशास्त्र विभाग

## हेटौंडा मकवानपुर

## भाषा सम्पादन-पत्र

मकवानपुर बहुमुखी क्याम्पस, हेटौंडाका छात्रा श्री संगीता जोशीद्वारा "**सामुदायिक नीति निर्माण प्रक्रिया र महिला सहभागिताः मकवानपुर जिल्ला हेटौडा नगरपालिकाको संजिवनी वचत तथा ऋण सहकारी संस्थाका महिला सदस्यहरुको समाजशास्त्रीय अध्ययन"** शीर्षकको तयार पारिएको शोधपत्रको भाषा सम्पादन गरेको प्रमाणित गर्दछु ।

मैले यस शोधपत्रको भाषा, शुद्धाशुद्धी तथा व्याकरणहरुलाई सम्पादन गरेको छु । साथै यसका लागि समाजशास्त्र/मानवशास्त्र विभागले उपलब्ध गराएको अवसरको लागि धन्यवाद व्यक्त गर्दछु र संगीता जोशीको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

घनश्याम घिमिरे

सहायक प्राध्यापक, नेपाली विभाग

मकवानपुर बहुमुखी क्याम्पस

मिति : २०६८/०९/२२

Date : 06/01/2012

# धन्यवाद ज्ञापन

समाजशास्त्र विषयको स्नातकोत्तर तहको आंशिक आवश्यकता प्राप्त गर्नका लागि तयार गरिएको यो शोधपत्रको तयारीका क्रममा मैले धेरै महानुभाव तथा संघसंस्थाको सहयोग प्राप्त गरेकी छु । शोधपत्र तयारीको क्रममा सहयोग गर्ने ती सबै व्यक्ति तथा संस्थाहरु प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । अनुसन्धानको शीर्षक छनोट देखि शोधपत्र तयारीको सम्पुर्ण चरणमा अत्यन्त सहयोगी र उत्प्रेरित शैलीमा आफनो अमूल्य सल्लाह, सुझाव र निर्देशन प्रदान गर्नुहुने मकवानपुर वहुमुखी क्याम्पसका सहायक प्राध्यापक ईश्वरी प्रसाद पोखरेल प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

शोधपत्र तयारीको क्रममा आफनो अमूल्य सुझाव र सल्लाह प्रधान गर्नुहुने समाज शास्त्र तथा मानव शास्त्र विषय स्नातकोत्तर तहका कार्यक्रम संयोजक विरेन्द्र प्रसाद शाहप्रति धन्यवाद ज्ञापन गर्दछु । साथै मलाई अमूल्य सहयोग गर्ने मकवानपुर वहुमुखी क्याम्पस समाजशास्त्र/मानवशास्त्र विषयका सम्पूर्ण गुरुवर्ग, क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुख लगायत सबै प्राध्यापकहरुमा हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

शोधपत्रको लागि आवश्यक सूचना संकलनको क्रममा सहयोग गर्ने संजीवनी वचत तथा ऋण सहकारी संस्था मकवानपुर हेटौडा, डिभिजन सहकारी मकवानपुर हेटौडा लगायत सबै संस्थाहरुलाई धन्यवाद दिन चाहन्छु । अध्ययनको लागि आवश्यक विश्वसनीय प्राथामिक तथ्याङ्क उपलब्ध गराउनु हुने सबै सुचना दाता प्रति म कृतज्ञ छु । आवश्यक तथ्याङ्क संकलनको क्रममा बिशेष सहयोग गर्न हेटौडा नगरपालिका वडा नं. ५ स्थित सजिवनी वचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष पुर्ण बहादुर खनाल, सचिव भगवती थापा, सं.सदस्य जानुका चौधरी र वरिष्ठ सहायक संन्तोष कार्कीलाई समेत धन्यवाद दिन चाहन्छु । उच्च शिक्षा हासिलको क्रममा मलाई यहाँ सम्म आइपुग्न सहयोग पुऱ्याउने आदरणीय पिता गोविन्द जोशी, माता शान्ति जोशी लगायत सम्पुर्ण परिवारजनप्रति धन्यवाद दिन चाहन्छु । साथै यस शोधपत्रलाई अत्यन्त मेहेनतका साथ टाईपिङ्ग तथा सेटिङ्ग गरिदिने मातृभूमि प्रिन्टिङ्ग सर्भिस, हेटौंडालाई समेत धन्यवाद दिन चाहन्छु ।

**संगीता जोशी**

# बिषय सूची


**सिफारिस पत्र** i

**स्वीकृति पत्र** ii

**भाषा सम्पादन-पत्र** iii

**धन्यवाद ज्ञापन** iv

**बिषय सूची** v

**तालिकाको सूची** viii

**संक्षिप्त शव्दार्थ** ix

**अध्याय एक**

**परिचय** १-१०

१.१.अध्ययनको पृष्ठभूमि १

१.२. समस्याको कथन ६

१.३. अध्ययनको उद्देश्य ९

१.४. अध्ययनको महत्व ९

१.५ अध्ययनको सांगठनिक स्वरुप ९

**अध्याय दुई**

**साहित्य समीक्षा** ११-१९

२.१. समाज र महिलावाद ११

२.२. व्यवहारिक साहित्य समीक्षा १५

२.२.१. महिला सशक्तीकरण र सहकारी भूमिका १७

**अध्याय तीन**

**अनुसन्धान पद्धति** २०-२४

३.१. अुनसन्धान ढाँचा २०

३.२. अनुसन्धान क्षेत्र र त्यसको औचित्य २०

३.३. अध्ययनको समग्रता र नमूना छनौट विधि २१

३.४. तथ्याङ्क प्रकृति र स्रोत २१

३.५. तथ्याङ्क संकलन विधि २२

३.५.१ अन्तर्वार्ता २२

३.५.२ अवलोकन २२

३.५.३ मुख्य सूचनादाता २३

३.६. तथ्याङ्कको सम्पादन, प्रस्तुतीकरण र विश्लेषण २३

३.७. अध्ययनको सीमा २३

**अध्याय-चार**

**अध्ययन क्षेत्रको अवस्था २५-३०**

४.१ हेटौंडा नगरपालिकाको परिचय २५

४.१.१ हेटौंडा नगरपालिकाको भौगोलिक अवस्था २५

४.२ पिप्ले - एक परिचय २६

४.३ जातजाति २६

४.४ धर्म भाषागत अवस्था २७

४.५ शैक्षिक अवस्था २९

**अध्याय -पाँच**

**तथ्याङ्कको प्रस्तुति, व्याख्या र विश्लेषण ३१-५३**

५.१ जाति/जनजाति ३१

५.२ धर्म ३३

५.३ पेशा / रोजगार ३४

५.४ शिक्षा ३५

५.५ महिलाहरु संस्थामा सहभागी समय अवधि ३७

५.६ संस्थामा महिलालाई सहभागिताको लागि उत्प्रेरक तत्वहरु गर्न स्रोत ३८

५.७ संस्थामा महिला सहभागिता र आय आर्जनको स्रोत ४०

५.८ सहकारी संस्थाप्रति अवधारणा ४१

५.९ जातिका आधारमा सहकारीको शेयर सदस्यको विवरण ४२

५.१० सहकारी संस्थाको पारदर्शिता ४३

५.११ महिलाको तर्क विचार रायको सुनुवाइको अवस्था ४४

५.१२ ऋण रकम परिचालन क्षेत्र र महिला ४६
५.१३ संस्थाबाट ऋण लिई महिलाहरुको वार्षिक आम्दानीको अवस्था ४७
५.१४ घरायसी निर्णय प्रकृयामा महिला सहभागिता ४९
५.१५ सार्वजनिक क्रियाकलापमा महिला सहभागिता ५१
५.१५.१ सार्वजनिक क्रियाकलापमा महिला सहभागिता ५१
क) विकास सम्बन्धि क्रियाकलाप र महिला सहभागिता ५२
ख) वन व्यवस्थापन, टोल सरसफाई कार्यक्रम र महिला सहभागिता ५२

अध्याय - छ
सारांश र निस्कर्ष ५४-५६
६.१ सारांश ५४
६.२ निस्कर्ष ५९
**सन्दर्भ सामग्री**
**अन्तरवार्ता अनुसूची**
**अन्तरवार्ता प्रश्नसूची**

# तालिकाहरुको सुची


| | | |
|---|---|---|
| तालिका नं १ - | वडा नं ५ मा बसोबास गर्न जाति र जनजाति र तिनीहरुको अवस्था | २७ |
| तालिका नं २ - | अध्ययन क्षेत्रको धार्मिक अवस्था | २८ |
| तालिका नं ३ - | अध्ययन क्षेत्रको भाषागत संरचना | २८ |
| तालिका नं ४ - | अध्ययन क्षेत्रको शैक्षिक अवस्था | २९ |
| तालिका नं ५ - | जातिय आधारमा सहकारी संस्थामा आवद्ध सदस्यहरुको विवरण | ३२ |
| तालिका नं.६ - | धर्मको आधारमा सहकारी संस्थामा आवद्ध सदस्यहरुको विवरण | ३३ |
| तालिका नं.७ - | पेशााको आधारमा उत्तर दाताको विवरण | ३४ |
| तालिका नं.८ - | शैक्षिक योग्यताको आधारमा उत्तरदाताको विवरण | ३६ |
| तालिका नं.९ - | संस्थामा सहभागी समय अवधि | ३७ |
| तालिका नं.१० - | संस्थामा महिलालाई सहभागिताको लागि प्रेरित गर्न स्रोत | ३९ |
| तालिका नं.११ - | संस्थामा वचत गर्न रकमको स्रोत | ४० |
| तालिका नं.१२ - | संस्थाको जातिय अवस्था | ४२ |
| तालिका नं.१३- | संस्थाको प्रशासनिक/आर्थिक स्थितिका बारेमा जानकारीको स्रोत | ४३ |
| तालिका नं.१४ - | वैठकमा महिलाको कुराको सुनवाई विवरण तालिका | ४५ |
| तालिका नं.१५ - | ऋण रकम परिचालन तथा प्रवाहको अवस्था | ४६ |
| तालिका नं.१६ - | वार्षिक आम्दानीको अवस्था | ४८ |
| तालिका न.१७ - | घरायसी निर्णय प्रकृयामा महिलाको अवस्था | ४९ |

# संक्षिप्त शब्दार्थ

| | |
|---|---|
| स.सं | : सहकारी सन्देश |
| वि.बि.स. | : जिल्ला विकास समिति |
| के.त.वि | : केन्द्रीय तथ्यांक विभाग |
| हे.न.पा. | : हेटौडा नगरपालिका |
| डब्लु.आई.डी. | : ओमन इन डेभलपमेण्ट |
| डब्लु. ए. डी. | : ओमन एण्ड डेभलपमेण्ट |
| ने.वि.एस. | : नेपाली वृहत शब्दकोश |

# अध्याय-एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

समाज सामाजिक सम्बन्धको जालो हो । व्यक्ति-व्यक्तिहरु बीचको निश्चित सम्बन्धको आधारमा समाज निर्माण हुन्छ । आजको विज्ञान र प्रविधिको युगमा आई पुग्न समाजलाई लामो समय लाग्यो । समाजको विकास निरन्तर भैरहेको हुन्छ । जसमा अहिलेको युगसम्म आइपुग्न समाजलाई विकासका धेरै चरणहरु पार गरेको विभिन्न विद्वान्हरु व्याख्या गर्दछन् । जसमा शिकारी युग, पशुपालन युग, कृषि युग, औद्योगिक अथवा वैज्ञानिक युग पर्दछन् । समाज विकासको शिकारी युगमा मानिसहरु प्रकृतिमा जे पाइन्छ त्यो त्यही खाएर विभिन्न ठाउँमा घुम्दै दिन बिताउँथे । वनजंगलमा पाइने फलफूल, सागपात, माछा, जंगली जनावरको शिकार गरेर उनीहरुलाई जीवन निर्वाह गर्दथ्थे । त्यस बेला लैङ्गिकता र शारीरिक क्षमताको आधारमा कामको विभाजन हुन्थ्यो (रेग्मी २०६३ ) ।

मानवले सामाजिक जीवनमा आइ पर्ने समस्या समाधान तथा आवश्यकता पूर्तिको सन्दर्भमा अन्य व्यक्ति तथा समूहसँग सामाजिक अन्तरक्रिया मार्फत विभिन्न खाले सम्बन्धको निर्माण गर्दछ ( घिमिरे २०६३ ) ।

नीति धेरैले स्वीकार गरेको कार्यहरुको एउटा खाँका हो । नीति निर्माण प्रक्रिया भन्नाले निश्चित परिणाम प्राप्तिका लागि सबै स्वीकृत कार्यहरुको व्यवस्थित रुपमा श्रृखलाबद्ध रुपमा गरिने कार्य हो ( अक्सफोर्ड डिस्नेरी २००३ ) ।

नीति निर्माण प्रक्रिया विशेष गरी राज्य संघसंस्था समूहले आफ्नो विशिष्ट कार्य सम्पन्न गर्न तथा तोकिएको लक्ष्य एवं उद्देश्य पूरा गर्न निर्माण गर्ने गरेको पाइन्छ । राज्यले आफ्ना अंगहरु मार्फत जनताका निमित्त विविध क्षेत्रमा नीति मार्फत कार्य सम्पादन गर्नका निमित्त नीति निर्माण गर्दछ भने अन्य नीजी एवं सहकारी, सार्वजनिक

क्षेत्रमा पनि ती सम्बन्ध संघ संस्थालाई निश्चित कार्य दिशा तर्फ अगाडि बढाउनु नीति निर्माण गरिएको हुन्छ । यस्ता नीति निर्माण प्रक्रियामा तोकिएको सदस्यहरुको विशेष सहभागिता हुन्छ ।

लैङ्गिक (जेण्डर) भनेको सामाजिक रुपले सिकिएको र सांस्कृतिक रुपले व्यवहारमा उतारिएको व्यवहार हो । यस प्रकारको सामाजिक र सांस्कृतिक मनोवैज्ञानिक रुपले पुरुष र महिला बिचमा निर्माण भएको सामाजिक भूमिका, व्यवहार र शैली नै वास्तवमा जेण्डर हो (गौतम, २०६६)।

अधिकांश समाज पितृसत्ताद्वारा निर्देशित रहेको छ । भारतीय समाजशास्त्री कमला भासीन ले पितृसत्ताले महिलाको उत्पादन शक्ति, प्रजनन, योनिकता, गतिशिलता, सम्पत्ति र अन्य आर्थिक स्रोत तथा शिक्षा क्षेत्रमा शोषण गर्ने हुदा सामाजिक जीवनका हरेक क्षेत्रमा पुरुष सरह महिलाको पहुँच विस्तार गरी महिलालाई आर्थिक, राजनैतिक, सामाजिक, सांस्कृतिक रुपमा समान र सबल बनाउन विभिन्न कार्यक्रमहरु अनिवार्य बनेको छ । समाजका सबै क्षेत्रमा महिलाको अवस्था सुधार गर्दै पुरुष सरह बनाउने उद्देश्यले महिला सुधारका विभिन्न उपायहरु सञ्चालनमा आएका छन् (अर्याल २०६२)। प्रत्येक मानवमा केही न केही क्षमता अन्तरनिहित भएको हुन्छ । मानवभित्र रहेको आन्तरिक क्षमता, दक्षता तथा सीपलाई अवसरमा रुपान्तरण वा प्रस्फुटन हुनुलाई सुधार भन्ने गरिन्छ (मार्शल २००४) । समाजका सम्पूर्ण क्षेत्रको नीति निर्माण र कार्यान्वयन प्रक्रियामा सहभागिता, समाजका आर्थिक, सामाजिक तथा राजनैतिक स्रोतमा पहुँच, स्रोत र साधनमाथि नियन्त्रण, समाजका विभेदपूर्ण व्यवहारको पहिचान र कारणको विश्लेषण गरी समाधानको उदायप्रति सचेत, आधारभूत तथा कल्याणकारी कार्यहरुमा बृद्धि भएको पहुँचका तहको आधारमा नै सुधार तथा परिवर्तनलाई मापन गर्न सकिन्छ (अर्याल २०६२ र थापा २०५९) ।

समाज विकास हुदै जाने क्रममा शिकारी र संकलन समाज कालान्तरमा वागवानी र पशुपालन तर्फ उन्मुख समाजमा सरल अनौपचारिकमा आधारित एवं जीवन निर्वाहसँग सम्बन्धित नीति निर्माण एवं मौलिक रुपमा त्यसको पालना गरिन्थ्यो भने जब समाज विकास हुदै एक पछि अर्को चरणमा प्रवेश गर्दै अगाडि बढ्यो साथै राज्यको अवधारणासँगै औद्योगिक विकसित समाजमा आएर विशिष्टिकृत रुपमा हरेक क्षेत्रमा निश्चित कार्य एवं क्षेत्रसँग सम्बन्धित नीति निर्माणको प्रक्रिया अगाडि बढ्दै आयो जस्तो, अर्थ, राजनीति, उद्योग, सुचना प्रविधि देखि वन, स्वास्थ्य, संघ-संस्था, नीजि सरकारी, सहकारी जस्ता क्षेत्रमा आधुनिक एवं जटिल संगठित रुपमा नीति निर्माणको प्रक्रिया अगाडि बढ्दै गयो । शुरुमा निश्चित केही व्यक्तिकै मात्र नीति निर्माणमा सहभागि हुन्थ्यो भने प्रजातन्त्र एवं लोकतान्त्रिक परिपार्टी सँग हरेक पक्षको सहभागिता एवं प्रतिनिधित्वलाई जोड दिदै निर्माण प्रक्रियालाई आत्मसाथ गरेको पाइन्छ ।

कुनै पनि क्रियाकलापमा संलग्न हुनु वा भाग लिनुलाई सामान्य अर्थमा सहभागिता भनिन्छ (अक्सफोर्ड डिस्नेरी २००३ ) । कुनै पनि व्यक्ति, समुह वा संघ संस्थाले आफूसँग सम्बन्धित रहने क्रियाकलापमा भाग लिन वा सहभागिता मार्फत आफ्ना समुह एवं सबै संस्थाको लक्ष्य र उद्देश्य प्राप्त गर्न मद्दत पुग्दछ ।

कुनै काम कुरामा अरुका साथै भाग लिने वा सहभागि भएर काम गर्ने प्रक्रिया वा अवस्थालाई सहभागिता भनिन्छ । (नेपाली बृहत शब्दकोश, वि.सं. २०४०) कुनै पनि व्यक्ति, समुह वा संघ संस्थाले आफूसँग सम्बन्धित रहने क्रियाकलापमा भाग लिन वा सहभागिता मार्फत आफ्ना समुह एवं सबै संस्थाको लक्ष्य र उद्देश्य प्राप्त गर्ने अवसर वा अधिकार हो ।

समाज विकास सँगसँगै विभिन्न क्षेत्रसँग सम्बन्धित भएर कार्य सञ्चालनलाई सहज बनाउन नीति निर्माण प्रक्रिया सञ्चालन भएका छन् । ती नीति निर्माण प्रक्रियामा सम्बन्धित क्षेत्रको प्रकृति अनुसार महिला एवं पुरुषहरुको सहभागिता हुने गर्दछ । कुने

क्षेत्रमा पुरुषको मात्र सहभागिता हुने गर्दछ भने कुनै क्षेत्रमा महिला पुरुष दुवैको सहभागिता हुने गर्दछ । विगतदेखि वर्तमान सम्म आईपुग्दा हरेक क्षेत्रको नीति निर्माण प्रक्रियामा महिलाहरुको उल्लेख्य सहभागिता नरहेको कुरा सर्वविदितै छ । यस अर्थमा समाजमा जनसंख्याको हिसाबले समान बराबर रहेका महिलाहरु संघ संस्थाको राय समितिमा नाम मात्रको उपस्थिति जनाउने तर नीति निर्माण निर्णायक तहमा भने पछाडि पर्ने परिपाटी रहेको सन्दर्भमा समाजमा नी सबै क्षेत्रमा महिला पुरुष समान सहभागिता आवश्यक छ र तब मात्र समाज विकास भई समानता तर्फ अगाडि बढ्न सक्छ भन्ने मान्यता राख्दै यस सन्दर्भमा महिलासँग सम्बन्धित उनीहरुको सहभागिताको अवस्थालाई मध्यनजर गर्दै धेरै अध्ययन एवं अनुसन्धान भएका छन् तर नीति निर्माण तह वा प्रक्रिया जसले समग्र पक्षमा सकारात्मक परिवर्तन ल्याउँछ त्यो प्रक्रियाम महिलाको सहभागिता कतिको प्रभावकारी एवं त्यो सहभागिताको गहिराई र यथार्थ के छ भन्ने महिलालाई नीति निर्माण प्रक्रियामा सहभागितामा प्रभाव पार्ने तत्वहरुका सवालमा समाजशास्त्रीय एवं मानवशास्त्रीय ढंगले अहिले सम्म अध्ययन अुनसन्धान नभएकाले यस सवालमा आधारित भई समाजशास्त्रीय एवं मानवशास्त्रीय ढंगबाट अध्ययन एवं अनुसन्धान गर्ने कोशिश गरिएको छ । साथै विशेष गरी महिलाहरुको सहभागितामा सञ्चालित संजीवनी वचत तथा ऋृण सहकारीमा महिलाको नीति निर्माण प्रक्रियामा रहेको भूमिकालाई गहिरो तहमा गएर अध्ययन गर्ने यो शीर्षक छनौट गरिएको छ ।

समूहको विकसित तथा वृहत रुप नै सहकारी हो । समूह गठन गरी एकतावद्ध हुने, समूहका क्रियाकलपाहरुमा सहभागी वन्ने, आफ्नो तर्फबाट सक्दो त्याग गर्नुका साथै समूहका माध्यमबाट व्यवस्था गरिएका सेवाहरुको उपयोग गरी सबैजना लाभान्वित हुने प्रक्रिया नै व्यवहारीक अर्थमा सहकारीता हो (स.प्र. के. २०५७) । सहकारिता समान आर्थिक, सामाजिक, तथा सांस्कृतिक इच्छा तथा आवस्यकताहरुको पूर्ति गर्ने तर्फ सक्रिय हुँदै संयुक्त स्वामित्वमा आधारित रहि, प्रजातान्त्रिक प्रक्रिया मार्फत सञ्चालित हुने गर्दछ अ.स.म, १९९५) ।

पारस्परिक सहयोग तथा विकासका लागि सुरुवात भएको सहकारीको अवधारणा नेपाली समाजको लागी खासै नयाँ भने होइन । नेपाली समाजमा सहकारीको विधिवत इतिहास केबल आधा शताब्दीको भए पनि परम्परागत तथा मौलिक संगठनहरु आदिकाल देखि नै प्रचलनमा रहेको पाईन्छ । गुठी, पर्म, ढिकुर, धर्म भकारी जस्ता अनौपचारीक संगठन तथा समूहहरुले समाजमा सहकारीताको मर्म र भावना अनुसार काम गरेको पाईन्छ । नेपालमा सहकारीको संस्थागत विकासमा अमेरीकी सहयोगले महत्वपूर्ण भूमिका निर्बाह गरेको देखिन्छ । चितवन जिल्लामा वि.सं. २०१३ सालमा स्थापना भएको वखान सहकारी संस्था नै नेपालको पहिलो सहकारी संस्था हो (डि.स.का, २०६४) ।

सहकारी सञ्चालनको लागि वि.स. २०१६ मा नेपालमा पहिलो पटक सहकारी ऐन तर्जुमा भयो सहकारी ऐनको आधारमा सहकारी संस्था नियमावली २०१८ मा जारी भयो । सहकारी सम्बन्धी ज्ञान प्रदान गर्ने उद्देश्यले वि.स. २०१९ मा सहकारी प्रशिक्षण केन्द्र ( स.प्र.के.) र सहकारीको सहयोगको लागि वि.स. २०२० मा सहकारी बैंकको स्थापना भयो । वि.स. २०२१ मा भूमिसुधार कार्यक्रम लागु भए पछि वार्षिक उत्पादनको एक हिस्सा अनिवार्य वचत गरी गाउँमा धर्म-भकारी खडा गर्नु पर्ने निर्देशन सत्कारबाट जारी भयो । वचत अनाज नै ऋणको रुपमा लगानी गरी अर्को अनाज पाकेर तिर्न र अन्यथा वचत अनाज विक्रि गरी प्राप्त रकम भूमिसुधार कार्यलयमा जम्मा गर्नुपर्ने व्यवस्था भएको  देखिन्छ (राज भण्डारी, २०६०) ।

नेपालमा सहकारीको विकासको क्रममा वि.सं. २०४१ मा सहकारीता सम्बन्धी साझा विकास केन्द्रिय समन्वय समितिको गठन गरियो । २०४८ मा राष्ट्रिय सहकारी विकास वोर्डको गठनका साथै नयाँ सहकारी ऐनले स्वायतताको अधिकार प्रत्यायोजन गरेपछि नेपालको सहकारी अभियानले नयाँ चरणमा फड्को मारेको देखिन्छ (स.प्र.को, २०५७) ।

महिलालाई आर्थिक रुपमा सक्षम र सबल बनाउनुको साथै समाजका अन्य क्षेत्रमा उनीहरुको पहुँच विस्तार गर्ने क्रममा सहकारीले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

सहकारीले एकातर्फ आर्थिक रुपमा कमजोर महिलाहरुमा वचत गर्ने वानीको विकास गराउनुको साथै वचत रकमलाई विभिन्न आयमूलक क्रियाकलापमा परिचालन गरी आय आर्जन गर्ने राम्रो अवसर प्रदान गरेको छ भने अर्को तर्फ समूह निर्माण, नीति निर्माण प्रकृया तथा विभिन्न कार्यक्रमको सहयोगले महिलामा सचेतना वृद्धि गराउनुका साथै महिलाको गतिशीलता सचेतना वृद्धि गराउनुका साथै महिलाको गतिशीलता र सक्षमता वृद्धि गराउन प्रत्यक्ष सहयोग पूऱ्याएको छ (प्लान २००५) ।

मकवानपुर जिल्ला अन्तर्गत हे.न.पा. ५ मा रहेका संजीवनी वचत तथा ऋण सहकारी संस्थामा सहभागी महिला सदस्यहरुको नीति निर्माण प्रकृयामा रहेको अवस्था पत्ता लगाउने उद्देशयले यो अध्ययन सम्पन्न गरिएको हो ।

## १.२ समस्याको कथन

नेपालमा मात्र नभएर अन्य विकासोन्मुख राष्ट्रमा महिलाहरुसँग निर्णय प्रक्रियामा सहभागिता न्यून रहेको कुरा कयौं अध्ययनले देखाएको छ । पुरुषको तुलनामा जिवनका हरेक क्षेत्रमा उनीहरुको पहुँच पछाडि नै रहेका छन् । राजनिति, घरायसी, व्यापार, व्यवसाय, रोजगार जस्ता क्षेत्रमा पनि महिला सहभागिता न्यून रहेको छ । संवैधानिक प्रावधान अनुसार महिलाहरुको सहभागिता ३३ प्रतिशत भन्दा कम हुन नहुने गरि आरक्षण गरिएको छ । आर्थिक गतिविधिमा पुरुष समान सहभागिता नरहकै कारण उनीहरुको निर्णायक क्षमता कमजोर बनाएको छ ( लुईटेल २००९ ) ।

कानुनी रुपमा महिला र पूरुष समान हुन् । तर पुरुष प्रधान समाजमा महिला र पुरुषबीच गहिरो भिन्नता रहेको पाइन्छ । शारीरिक भिन्नताले महिला र पुरुषलाई केही निश्चित विशेषताहरुमा फरक गरेको छ । जस्तैः महिलाहरु शुक्रकीट उत्पादन गर्न सक्दैनन् भने पुरुषहरु अण्ड निष्काशन गर्न र गर्भाधारण गर्न सक्दैनन् । तर महिला पुरुष

दुवै मिलेर मात्र यी कामहरु पूरा हुन्छन्, एक्लाएक्लै होइन । तर पनि महिला र पुरुषबीच यो स्तर किन ? साधारण तया महिलाहरु पुरुषभन्दा न्यून स्तर रहेको छ । प्रायः ग्रामीण र केही शहरी महिलाहरु बेरोजगार छन् र उनीहरुको सामाजिक सहभागीतालाई खासै महत्व दिइदैन (लुईटेल, २००८) ।

अवसरको उपयोगले महिलाहरु प्रभावकारी र महत्वपूर्ण निर्णय गर्न सक्छन् । त्यसकारण यस तर्फ काम गरिएन भने भविष्यका महिलाहरुको अवस्था अग्रज महिलाले जस्तै दमन खप्न बाध्य हुन सक्छन् । यदि महिलाहरुलाई निर्णय क्षमता विकास गर्न संस्थाहरुमा व्यवस्थापन मिलाउन उल्लेखनीय योगदान दिन सक्छन् र विस्तारै समाजमा पनि आफ्नो भूमिका आफै सुधार गर्न सक्छन् । त्यसैले राष्ट्रिय नीति तथा कार्यक्रमहरु समाजका शोषित वर्गहरुलाई आफ्नो उत्पादनशील अधिकार सहित अगाडी बढाउन सक्ने किसिमबाट बनाईनु पर्दछ । यसले उनीहरुको निर्णय निर्माण क्षमतामा प्रभावकारी योगदान दिन सक्छ (श्रेष्ठ तथा अन्य, २००९)

यो सामाजिक मुद्दा सहकारी संस्थामा नीति निर्माण प्रकृया र महिला सहभागितामा भूमिका लेखाजोखागर्ने भएकोले महत्वपूर्ण छ । यो समस्या एक सामाजिक मुद्दा भएकोले पनि अध्ययनको लागि अनुसन्धान कर्ताको पहुँचभित्र छ किनकी यो हरेक सहकारी संस्थाहरुमा देखिने एवं अनुभव गर्न सकिने विषय हो । यस संस्थामा नीति निर्माण प्रकृया र महिला सहभागितको अध्ययनको लागि आवश्यक पर्ने प्राथमिक तथ्याङ्कहरु संस्थाका सदस्यहरु सँग संकलन गर्न गर्न सकिने भएकोले पनि यो विषय अध्ययनको क्षेत्रभित्र पर्दछ ।

यसरी अर्थ विकासको तीन खम्बे आधार मध्ये महत्वपूर्ण रहेको सहकारी क्षेत्रमा महिलाको सहभागिता उल्लेख्य रहेतापनि उनीहरुको सहकारीमा नीति निर्माण प्रकृयामा रहेको सहभागिता र निर्णायक भूमिकाको सम्बन्धमा भने स्पष्ट रुपमा यथार्थ कुरा अझै पनि प्रष्ट रुपमा बाहिर आउन सकेको छेन । यस सवालमा आधारित समस्याहरु धेरै छन्

। यहाँ सहकारी संस्थाको नीति निर्माण प्रक्रिया महिलाको सहभागिताको अवस्था साथै यसको प्रभावकारीतामा पनि प्रभावलाई अध्ययन गर्ने कोशिश गरिएकाले यस सँग निम्न समस्याको समाधान गर्न पट्टि केन्द्रित हुन आवश्यक हुन्छ ।

१) नीति निर्माण प्रक्रियामा महिलाको सहभागिता कस्तो छ ?

२) नीति निर्माण प्रक्रियामा महिलाको भूमिका कस्तो छ ?

३) नीति निर्माण प्रक्रियामा सहभागि भए पश्चात जीवन स्तरमा आएको परिवर्तन के के हुन् ?

४) पारिवारिक तथा सार्वजनिक क्षेत्रको निर्णय तहमा महिला सहभागिताको अवस्था कस्तो छ ?

## १.३ अध्ययनको उद्देश्य

१) नीति निर्माण र निर्णय प्रक्रियामा महिला सहभागिता पत्ता लगाउनु ।

२) महिलाहरुको सामाजिक आर्थिक जीवनमा आएको परिवर्तन पहिचान गर्नु ।

## १.४ अध्ययनको महत्व/औचित्य

यस अध्ययनले विशेषगरी नगरपालिका भित्रका संजिवनी वचत तथा ऋण सहकारी संस्थाका नीति निर्माण प्रकृयामा महिला सहभागिताको अवस्थालाई अध्ययन गर्न खोजिएको हो ।

क) समाजशास्त्रीय सिद्धान्त र विधिको प्रयोग गरी अध्ययन गरिनु ।

ख) अध्ययनबाट प्राप्त नतिजाले वचत तथा ऋण सहकारी एवं नीति निर्माण प्रकृयामा महिला सहभागिता र उनीहरूको भूमिकामा ज्ञानप्राप्त विकासविद्, योजनाकार, व्यवसाय नीति निर्माण महिला अधिकार कर्मीहरु, सहकारी संस्थासँग सम्बन्धित

रहेर काम गर्न चाहने तथा स्थानिय स्तरका अनुसन्धान कर्ताहरुको लागि सहयोगी ।

ग) भविष्यमा सहकारी संस्था र महिलाको थप अध्ययन अनुसन्धान गर्न चाहने संघसंस्था तथा व्यक्तिहरुको लागि सहयोगी ।

घ) स्नातकोत्तर तहको शैक्षिक उपाधि प्राप्तिको आंशिक आवश्यकता पूरा गर्नका लागि तयार पारिनु ।

## १.५ अध्ययनको सांगठनिक स्वरुप

यस शोध पत्रलाई ६ वटा अध्याय वा एकाईमा विभाजन गरी सम्पन्न गरिएको छ । पहिलो एकाइमा अध्ययनको परिचय अन्तरगत अध्ययनको पृष्ठभूमि, अध्ययनको समस्या, अध्ययनको उद्देश्य, अध्ययनको महत्व र अध्ययनको सांगठनिक स्वरुप रहेका छन् । एकाई दुईमा पूर्व साहित्यको समिक्षा र अवधारनात्मक ढाचा समावेश गरिएको छ । पूर्व साहित्यको समिक्षालाई सैदान्तिक र व्यवहारीक गरी दुई भागमा विभाजन गरिएको छ । तेस्रो एकाईको अध्ययनमा प्रयोग भएको अनुसन्धाननात्मक विधिलाई समेटिएको छ । जस अन्तर्गतअनुसन्धानको खाका अध्ययनको एकाई अनुसन्धानसंग र त्यसको औचित्य अध्ययनको समगुण र नमुना तथ्यांकको प्रकिृति र स्रोत, तथ्यांक संकलनको पद्धति र प्रविधि, तथ्याङ्कको सम्पादन प्रस्तुतीकरण , विश्लेषण र अध्ययनका सीमालाई समेटिएको छ । शोध पत्रको एकाई चारमा अध्ययन क्षेत्रको अवस्थालाई समावेश गरिएको छ । जस अन्तर्गत हे.न.पा. ५ पिप्लेको एक परिचय अध्ययन क्षेत्रको जनसंख्या संरचना अध्ययन क्षेत्रको धर्म र भाषागत अवस्था क्षेत्रका शैक्षिक अवस्थालाई समावेश गरिएको छ । एकाई ५ मा तथ्यांक प्रस्तुति व्यवस्था र विश्लेषण समावेश गरिएको छ । जस अन्तर्गत विभिन्न माध्यम मार्फत संकलन भएका तथ्यांकलाई विभिन्न शीर्षक एवं उपशीर्षकमा विभाजन गरी प्रस्तुति व्याख्या एवं विश्लेषण गरिएको छ । एकाई ६ मा समग्र

अध्ययनको सारांश तथा निश्कर्षलाई समेटिएको छ । सो पत्रको अन्त्यमा अध्ययनको क्रममा प्रयोग भएका सन्दर्भ सूचि समावेश गरिएको छ ।

# अध्याय दुई
# साहित्य समीक्षा

## साहित्य समीक्षा

अध्ययनसँग सम्बन्धित पूर्व अध्ययनहरुले पत्ता लगाउन नसकेका समस्याहरुलाई पत्ता लगाउनका साथै समग्र अनुसन्धानलाई निश्चित दिशा प्रदान गर्ने माध्यम नै पूर्व साहित्यको समिक्षा हो (वाल्फ एण्ड पन्त २००२ ) । यस अध्ययनसँग सम्बन्धित पूर्व साहित्यको समिक्षालाई सैद्धान्तिक र व्यवहारिक गरी २ भागमा विभाजन गरिएको छ । नीति निर्माण प्रक्रियामा महिला सहभागिता र त्यसबाट महिलामा परेको प्रभावको सैद्धान्तिक व्याख्या गर्नका लागि परिवर्तनको सिद्धान्त र त्यससँग सम्बन्धित रहेर गरिएको केही अध्ययनहरुलाई अनुसन्धानको सैद्धान्तिक समिक्षा भित्र समावेश गरिएको छ ।

## २.१. समाज र महिलावाद

समाज र संस्कृतिलाई बुझ्ने क्रममा विभिन्न सिद्धान्तको प्रतिपादन भयो । सन् १९५० को दशकमा आधुनिकीकरण सिद्धान्तको विकास भयो । यस सिद्धान्तले संसारका मानिसहरुबीच असमानता बढाइएको आधुनिकीकरण विकास रणनीतिको मुख्य दोष नै हुने र नहुने बिचको खाडल अझ फराकिलो पार्नु रहेको दखियो । विकसित मुलुकले अविलम्बन गरेको नीति अविकसीत मुलुकहरुले पनि अवलम्बन गर्दै जाने हो भने ती मुलुकहरु पनि विकसित हुदै जाने छ भन्ने मान्यतालाई अगाडि सार्दै अगाडि आएको यो आधुनिकीकरण सिद्धान्त अविकसित मुलुकको तीव्र विकासको लागि लागू गरियो । परिणाम स्वरुप अगाडि बढ्न सकेन । गरिबी, अशिक्षा, पछौटेपनमा अविकसित मुलुकका जनताको जिवनस्तर सुधार गर्न अपनाएको नीति सावित हुन सकेन । यसैले १९७० मा परनिर्भरता सिद्धान्तको विकास भयो । यस सिद्धान्तले जनताका आधारभूत आवश्यकता परिपूर्तिको रणनीति अगाडि सारियो । परनिर्भरता सिद्धान्तले अल्पविकसित वा विकासोन्मुख मुलुकहरु विशेष गरी विकसित मुलुकहरुमाथि आर्थिक प्राविधिक

दृष्टिकोणबाट रहेको निर्भरतालाई संकेत गर्दछ । आधारभूत आवश्यकताबाट टाढा रहेका महिलाहरु नै थिए किनकी महिला अवस्था पुरुषको तुलनामा कमजोर रहेको थियो । महिला दशकभित्र महिलाका के कस्ता आवश्यकता पूर्ति भए, महिला के कति लाभान्वित भए भन्ने सम्बन्धमा विकसित मुलुक बेलायत, अमेरिकाका अगुवा महिलाहरुको मुल्यांकन गर्न थाले । विभिन्न क्षेत्रमा महिलाको स्थान कहाँ छ ? महिलाको बारेमा के त ? भन्ने प्रश्नको सेरोफेरोमा रही महिलाको अवस्था मुल्यांकन गर्न थालियो (गौतम २०६१) ।

विश्वका हरेक समाजमा महिला पुरुष दुवै एक अर्काका पुरक भए पनि नारीवादको उदय भन्दा अगाडि समाजको व्याख्या एवं विश्लेषणमा जति पनि सिद्धान्त प्रतिपादन भए ती सबै पुरुष केन्द्रित थिए । त्यसकारण परनिर्भरता सिद्धान्तको कमी कमजोरी पुरा गर्न १९७० को दशकमा वालस्टाईनले विश्व व्यवस्थापन सिद्धान्तको विकास भयो । यस सिद्धान्तले विश्वका विभिन्न देशहरु बिचको सामाजिक आर्थिक राजनैतिक प्राविधिक सम्बन्धको आधारमा तयार भएको संरचनात्मक व्यवस्थाको व्याख्या गर्न सिद्धान्त नै विश्वव्यवस्थात्मक सिद्धान्त हो । विश्वका महिलाले आफ्नो हक अधिकार खोज्ने क्रममा पूर्व जागरण आन्दोलनको शुरुवात भएको हो । महिलाहरुलाई सामाजिक, राजनैतिक, शैक्षिक तथा श्रमशक्तिमा समान अवसर व्याख्या गरियो । यसले ग्याड का अवधारणा ल्यायो । महिला र पुरुषको समान हुनु पर्ने सिद्धान्तलाई विश्व व्यवस्थात्मक सिद्धान्तले प्रकाश पार्ने गरिएको छ (आचार्य २०६५) ।

विकासको मुल आधारमा ल्याउने प्रयास नै महिला विकासको प्रथम प्रयास हो । महिलालाई विकासका हरेक गतिविधिमा संलग्न गराउन सके उनीहरुको आत्म निर्भर भई स्रोत र साधनमा पहुँच बढाउन सक्दछ भन्ने अभिप्राय यस विकासमा महिला रणनीति (वमुन ईन डेभलपमेण्ट ) को हो । विकास महिला अवधारणाले प्रस्तुत गरेका रणनीतिहरुबाट मात्रै वास्तविकता अर्थमा महिलाको विकास हुन नसक्ने महशुस गरी वीड लाई वाड ( वमुन एण्ड डेभ्मेण्ट ) को रुपमा अगाडि सारियो । वाड अवधारणाले महिलालाई विकासको फलको हकदार अर्थात लाभान्वित वर्गको रुपमा मात्र व्याख्या

गरेन अर्थात यसले महिलाहरुको विकास प्रक्रिया पुरुषको भूमिकाका कारणले होइन विश्वव्यापी आर्थिक संरचना नै दोषी छ भन्ने निष्कर्ष निकाल्दै यस अवधारणाले विकास प्रक्रिया माथिबाट तल होइन तलबाट माथि जाने किसिमको हुनुपर्ने तर्क अगाडि सारियो । वाड अवधारणा विकास भई ग्याड (जेण्डर एण्ड डेभलपमेण्ट ) को चरणमा प्रवेश गऱ्यो । ग्याड अवधारणाले असमान लैङ्गिक सम्बन्धका साथै महिला विकास सामाजिक संरचनात्मक बाधाहरुलाई औल्याउद छ (आचार्य २०६५) ।हरेक विकास अवधारणा जनु वीड देखि ग्याड सम्म विश्व समक्ष आए सबैले महिला विकास सकारात्मक प्रभाव नै परिरहे । जीवन अवसर बढाउदै स्वतन्त्र र निर्भिक जीवन बाँच्न सक्ने वातावरणको श्रृजना गर्ने क्रममा समय क्रममा ल्याइएका अवधारणाको उल्लेख्य योगदान रहेको छ । महिला विकास पक्षका उल्लेखनिय अवधारणाका कोही कमी कमजोरी रहे तापनि सकारात्मक दिशा तर्फ अगाडि बढ्ने क्रम भने रोकिएन । सबै रणनीति अर्थात अवधारणा महिलाहरुको सवाल उठाउनु र वहसमा ल्याउनु हो । यहाँ यो अध्ययनले महिलाहरुको निर्णय प्रक्रियामा सामान्य अवस्थाका बारेमा प्रकाश पार्ने जमर्को गरिएको छ ।

यस अवधारणाले आधुनिकीकरण सिद्धान्तको मूलभूतमान्यता “त्रिकल डाउन एण्ड ब्लु प्रिण्ट एप्रोच” रहेको थियो ।“ त्रिकल डाउन एप्रोच” ले विकास प्रक्रियामा महिलालाई सहभागी गराउन सकेन । विड अवधारणाको मूख्य सैद्धान्तिक आधार आधुनिकीकरणको सिद्धान्त नै हो, जसको प्रभाव सन् १९५० देखि १९७० को दशकसम्म रहेको थियो । मूलतः आधुनिकीकरण सिद्धान्तले विकासको एक पक्षीय रुपमा व्याख्या गरेको पाइन्छ । यसै मान्यतालाई ग्रहण गर्दै वीड ले पनि विश्वका सबै देशले निश्चित चरण पार गरे मात्र महिलाको विकास हुन्छ अर्थात चरणबद्ध रुपमा महिलाको विकास हुदै राम्रो अवसरमा पुग्न सकिन्छ ।

विकासमा महिला अवधारणा विकास फास्टर बोसरअपले सन् १९७० मा "वुमन रोल ईन ईकोनोमिक डेभ्लपमेण्ट" प्रकाशित गरेपछि आएको हो । महिला उत्थान र विकासका लागि महिलाको उत्पादकत्व र आर्थिक बृद्धिमा ध्यान दिनुपर्ने कुरालाई वीड एप्रोचले प्रस्टयाएको छ (आचार्य २०६४) ।

पुरुषको प्रभुत्व बढ्दै जाँदा महिलाको अवस्थामा आँच आएको पाइन्छ । सामाजिक मूल्य मान्यता र कानुनहरु पुरुष प्रधान भए । सामाजिक, सांस्कृतिक क्रियाकलापमा महिलाहरु बञ्चित हुदै गए तर परिवर्तनशिल संसार समानताको भावना जाग्दै आएपछि परम्परागत मूल्य मान्यताबाट प्रभावित ऐन कानुनमा पनि महिला र पुरुषको असमान सम्बन्ध परिवर्तन गरेको देखिन्छ । "लेनन वेनेट" ले परम्परागत र परिवर्तित कानुनी अवस्थाका बारेमा नेपाली महिलाको स्थिति केलाए की छिन् । त्यसैले उनको "त्राडिसन एण्ड अफ नेपलिज चेन्ज ईन लेगल स्टाटस वमुन" पुस्तकमा परम्परागत कानुनमा रहेका महिला सम्बन्धी प्रावधान र समय क्रममा परिवर्तन भएका प्रावधान महिला स्वतन्त्रतालाई बन्धनमा पारेर राखिएको र वर्तमानमा त्यस्ता कानुनहरु खारेज संशोधन गर्दै महिला हक अधिकार स्वतन्त्रताका पक्ष कम सुधार हुदै आएका सम्बन्धमा टिप्पणी गरेकी छिन् ( वेनेट १९७९) ।

सन् १९९५ मा बेइजिङमा सम्पन्न चौथो विश्व महिला सम्मेलनले महिला समानताका लागि घोषणा गरेको रणनीतिहरु यसरी गरिएको पाइन्छ ।

क) लैङ्गिक दृष्टिकोणलाई हेरक योजना कार्यक्रम कार्यान्वयन र मूल्यांकनमा समावेश गरिनु पर्दछ ।

ख) सबै क्षेत्र र तहमा महिलाको सहभागितात्मक बढावा दिदै महिलाका आफ्नै प्राथमिकता क्षेत्रमा पनि विशेष ध्यान दिनुपर्ने कुरालाई उद्घोष गरेका छ ।

ग) विशिष्ट कार्यक्रम तथा क्रियाकलापहरुको विकास गर्दै पूर्ण नागरिक निर्माणमा ध्यान दिने (वेईजिङ डिक्लाएर १९९५)।

अध्ययन नीति निर्माण प्रक्रिया र महिला सहभागिताले समाजमा पारेको प्रभाव केन्द्रीत भए पनि प्रभाव विश्लेषण गर्नको लागि नीति निर्माण प्रक्रियाले बचत तथा ऋण सहकारीमा महिलाको सहभागिता सम्बन्धी साहित्यहरुलाई सामान्य समिक्षा गरिएको छ। अध्ययनका मूख्य उद्देश्य अनुसारको साहित्य समिक्षालाई पत्रपत्रिकाको जर्नल र प्रतिवेदनसँग सम्बन्धित र अप्रकाशित शोधपत्रसँग सम्बन्धित गरी दुई भागमा विभाजन गरिएको छ।

## २.२. व्यवहारिक साहित्य समीक्षा

धरान नगरपालिकाको महिलाले शुरु गरेको बचत तथा ऋण सहकारी संस्थामा आबद्ध भएपछि थोरै आय आर्जन भएका महिलाको आर्थिक जीवन सुधारिएको छ। नीति निर्माण प्रक्रियामा महिला सहभागिता भए पश्चात उनीहरुमा आत्मबल बलियो र घरायसी सामुदायिक क्रियाकलापमा पहुँच बढ्दै गएको छ। समितिमा महिलाहरु भावी योजना माथि छलफल गर्ने, रणनीति बनाउने, बचत परिचालन क्षेत्र पहिचान गर्ने, ऋण असुली गर्ने उपाय खोज्ने र सदस्यहरुलाई नाफा दिलाउने सम्बन्धका बारेमा तर्फ वितर्क गर्न सक्षम समेत हुदै गएका छन्। जसले सकारात्मक प्रभाव पारेको छ (राई २०६५)।

बचत तथा ऋण सहकारीले महिलालाई सकारात्मक प्रभाव पारेको छ। वर्गीय रुपमा हेर्दा यसले माथिल्लो वर्गका मानिसहरुको तुलनामा तल्ला वर्गका मानिसहरुको लागि बचत प्रक्रियाले महत्वपूर्ण परिवर्तन ल्याउन सहयोगी बनेको छ। बचत तथा ऋण परिचालन कार्यक्रमले सामाजिक क्षेत्रमा महिला सहभागिता बढाउनुका साथै नीति निर्माण प्रक्रियामा सकारात्मक विकास गराउन मद्दत पर्‍याएको छ (खड्का र पुरी १९९५)।

ललितपुर जिल्लाको स्वस्तिक बचत तथा ऋण सहकारी संस्थाले नेपाली महिलालाई साधारण तथा बढी भन्दा बढी आत्मनिर्भर, आत्मविश्वास, आत्म व्यवस्थापन गर्न प्रोत्साहन गर्दै आएको छ । महिलालाई आफ्नो मालिक आफै हो भन्ने अवधारणाका साथ आफ्नो परिश्रम र मेहनतमा जीउन महत्वपूर्ण सहयोग पऱ्याउदै आएको छ (स.स. २०६४)।

समाजमा सहकारी स्थापना हुने हुनाले पिछडिएको वर्ग, जनजाती, दलित वर्गको सशक्तीकरण समावेशीकरण गर्नुका साथै बेरोजगारी घटाउने र गरिबी निवारणमा उल्लेखनीय भूमिका निर्वाह गर्ने छ (स.स. २०६४)।

बचत तथा ऋण सहकारीले समाजमा आईपरेका समस्याको समाधान गर्न सकिन्छ । अतिरिक्त परिश्रम गर्न, सानो रकमका लागि साहुकोमा हात थाप्न जानुपर्ने सानातिना समस्यालाई समाधान गर्न नसकेर मानसिक समस्या बेहोरेकाहरुलाई सहकारी मृत संजीवनी बुटी सावित भएको छ (स.स. २०६४) ।

ललितपुर स्थित धलाँछे टोलमा संचालन गरेको महिला बचत तथा ऋण सहकारीबाट सस्तो व्याजमा ऋण लिई आय मुलक काम गरी आर्थिक रुपमा आत्मनिर्भर भई परिवार समेतलाई सहयोग पुगेको छ । उनीहरुले काम थालेपछि आफ्नो पहिचान बनाउन सफल हुनु साथै निर्धक्कसँग निर्णय गर्न सक्ने भएका छन् (खड्का २०६५) ।

## २.२.१ महिला सशक्तीकरणमा सहकारीको भूमिका

ग्रामिण तथा शहरी क्षेत्रमा बचत तथा ऋण सहकारीमा संलग्न महिलाहरुको जीवन स्तरमा परिवर्तन आएको छ । चेतनामूलक कार्यक्रम सीपमूलक तालिमले महिलामा सचेत एवं दक्ष बनाउन महत्वपूर्ण भूमिका खेलेको छ । नीति निर्माण प्रक्रियामा सक्रिय सहभागी भई आर्थिक राजनैतिक स्रोतमा पहुँच पुऱ्याउन, समाजमा हुने महिला विरोधी क्रियाकलापको पहिचान गरी समस्या समाधानका उपाय सम्बन्धमा सचेत हुन

सहकारीले महत्वपूर्ण भूमिका खेलेकाले सहकारीलाई महिला सशक्तीकरणको माध्यमका रुपमा लिन सकिन्छ (ढुंगेल २०६७) ।

**सहकारीमा नीति निर्माण प्रक्रिया र महिला सहभागितामा पारेको प्रभाव सम्बन्धी पूर्व अध्ययन तथा अप्रकाशित शोध कार्यहरु**

नेपाल ग्रामिण तह अझ विशेष गरी महिलाको विकासका लागि बचत तथा ऋण सहकारी ल्याएका कार्यक्रमहरु आवश्यक भएको तथा यसले महिलालाई सम्पूर्ण क्रियाकलापमा सक्रिय रुपमा लाग्न, उनीहरुमा राम्रो सम्बन्ध बढाउन तथा आय मूलक क्रियाकलापबाट उनीहरुले प्रशस्त आम्दानी कमाउन सफल भएका छन् (चौधरी १९९८) ।

बचत कार्यक्रम लागू भए पछि महिलाहरुको मासिक आय र रोजगारीमा बृद्धि भएको, विभिन्न क्षेत्रहरुमा ऋण परिचालन गर्दा उनीहरुको आय आर्जन र रोजगारीमा बृद्धि भएको कुरा उल्लेख गरेको छ (खड्का १९९८) ।

बचत तथा ऋण कार्यक्रम महिलाको विकासमा महत्वपूर्ण औजार सावित भएको छ । बचत कार्यक्रमले आवश्यक परेको समयमा सस्तो व्याजमा ऋण उपलब्ध गराएको छ भने महिलाको सामाजिक तथा आर्थिक अवस्थालाई सुदृढ बनाउन सहयोग पुर्‍याएको कुरा उल्लेख गरेको छ (पराजुली २००२) ।

ऋण प्रवाह मार्फत महिलाको व्यक्तित्व विकास भएको, आय मूलक क्रियाकलाप मार्फत वित्तीय रुपमा आत्म निर्भर भएको, पारिवारीक तथा समुदायिक क्षेत्रमा महिलाको पहुँच विस्तारमा सहयोग पुगेको छ । कार्यक्रमले महिलालाई सामाजिक, आर्थिक, राजनैतिक रुपले सशक्त बनाएको तर पनि अझै यस्ता कार्यक्रम प्रर्याप्त नभएको र शैक्षिक उपलब्धी बृद्धि गर्न क्षमता अभिबृद्धि तालिम दिनुपर्ने, राष्ट्रिय योजना तथा नीति

निर्माण प्रक्रियामा महिलाको सहभागितालाई अनिवार्य गर्नुपर्ने कुरा उल्लेख गरिएको छ (जोशी २००५)।

माथि उल्लेखित साहित्य समिक्षाको आधारमा यस संजीवनी वचत तथा ऋण सहकारी संस्थाले महिलाको सहभागितामा महत्वपूर्ण भूमिका खेलेको देखिन्छ । यस संस्थाले महिलालाई आत्मनिर्भर, आत्मविश्वास, आत्म व्यवस्थापन गर्न प्रोत्साहन गर्दै आएको छ । यस संस्थाले महिला वर्गको आर्थिक तथा सामाजिक उन्नति साथै निर्णय प्रकृयामा पनि सहभागि भएको देखिन्छ । बचत तथा ऋण सहकारी संस्थामा सम्बन्धित रहेर अहिलेसम्म सम्पन्न भएका अध्ययनहरुमा विशेष रुपमा निम्न कुराहरु देख्न सकिन्छ ।

- प्रायः सम्पूर्ण अध्ययनहरु समाजशास्त्रीय सिद्धान्त र विधिका आधारमा भएको देखिदैन ।
- प्रायः सम्पूर्ण अध्ययनहरु सम्पन्न भएका सहकारी संस्था ग्रामिण क्षेत्रमा सिमित भएको पाईयो ।
- प्रायः सम्पूर्ण अध्ययन वचत तथा ऋण सहकारीको महिलाहरुको सहभागिता कस्तो छ भन्नेमा मात्र केन्द्रित रहेको देखिन्छ । यस संस्थामा महिलाहरुको नीति निर्माण प्रकृयामा कस्तो भूमिका छ भन्ने अध्ययन नभएको पाईयो ।
- प्रायः सम्पूर्ण अध्ययनले संस्थामा महिला सहभागिताको आवश्यकता औंल्याएको तर उनीहरुको सहभागिता कसरी वृद्धि गर्न सकिन्छ भन्ने सम्बन्धमा ध्यान नदिएको पाईयो ।

# अध्याय तीन

# अनुसन्धान पद्धति

## ३.१ अनुसन्धान ढाँचा

अनुसन्धान कार्यलाई व्यवस्थित रुपमा सम्पन्न गर्नको लागि अनुसन्धान पूर्व नै तयार पारिएको बृहत योजनालाई अनुसन्धान ढाँचा भनिन्छ । यस अध्ययनको उद्देश्य अनुसार नीति निर्माण प्रक्रिया र महिला सहभागिताले ल्याएको परिवर्तन तथा पारिवारीक तथा सार्वजनिक क्षेत्रमा सहभागिता सम्बन्धी तथ्यांक संकलन र विश्लेषण गरी वास्तविकताको खोजी गर्नका लागि वर्णनात्मक तथा अन्वेषणात्मक अनुसन्धानात्मक ढाँचाको प्रयोग गरिएको छ । सामान्यतः वर्णनात्मक अनुसन्धानात्मक ढाँचा कुनै पनि बचत समूह र त्यसले महिलामाथि पारेको प्रभाव सम्बन्धी तथ्यांकको वर्णनसँग बढी सम्बन्धित भएकोले वर्णतात्मक ढाँचाको छनोट गरिएको हो ।

## ३.२ अनुसन्धान क्षेत्र र त्यसको औचित्य

यस अनुसन्धानको लागि मकवानपुर जिल्ला हे.न.पा. वार्ड नं. ५ पिप्लेमा रहेको संजीवनी वचत तथा ऋण सहकारी संस्थालाई मूख्य अध्ययन क्षेत्रको रुपमा लिइएको छ । प्रस्तुत क्षेत्र जिल्ला सदरमूकाम भित्रै रहेको, विकास पूर्वाधारहरुको विकास भएको, अरु सहकारी संस्थाहरु मध्ये सबैभन्दा पुरानो संस्था रहेको र आफ्नो कार्यक्षेत्रभित्रका सबैलाई समावेशी रुपमा सहभागी बनाउँदै आएको छ । यस संस्थाको नीति निर्माण प्रकृया र महिला सहभागिता समबन्धी समाजशास्त्रीय मानव शास्त्रीय सिद्धान्त र विधि प्रयोग गरी अध्ययन नभएकाले यो अध्ययन औचित्य पूर्ण छ । यस संजीवनी वचत तथा ऋण सहकारी सम्बन्धित विभिन्न समस्याका सम्बन्धमा सैद्धान्तिक र विधिगत रुपमा वास्तविकता पत्ता लगाउनका लागि यस क्षेत्रलाई अध्ययन क्षेत्रको रुपमा छनौट गरिएको हो ।

## ३.३. अध्ययनको समग्रता र नमूना छनौट विधि

मकवानपुर जिल्लाको हे.न.पा ५ मा अवस्थित संजीवनी वचत तथा ऋण सहकारी संस्थामा आबद्ध सदस्यहरु मध्ये जम्मा शेयर सदस्य १४५५ रहेकोमा महिला सदस्यहरु ७३५ जना रहेका छन् साधरण शेयर सदस्य लिने महिलाहरु सबैबाट सुचना संकलन गर्न संम्भव नहुने हुदाँ समग्रमा ७३५ मध्ये सम्भावना युक्त नमुना विधि मार्फत १०० जना महिला सदस्य उत्तरदातालाई नमुना छनोट गरिएको छ यस अध्ययनमा संचालक समितिमा रहेका ३ जना महिला सदस्यहरुलाई मुख्य सुचना दाता बनाईएका छन् यसमा हाल संचालक समितिमा रहेका ३ जना महिला सदस्य र संस्थामा वर्तमान अध्यक्षलाई पुरुष सुचना दाताको रुपमा लिईएको छ ।

## ३.४. तथ्याङ्कको प्रकृति र स्रोत

अनुसन्धान पूर्णरुपमा तथ्याङ्कमा निर्भर रहन्छ । अनुसन्धानमा गुणात्मक र संख्यात्मक प्रकृतिका तथ्याङ्कहरु संकलन भएका छन् । यस संस्थाको गठन, कार्य समितिमा रहेको सदस्य संख्या, ऋण रकम, ऋण परिचालन, ऋण परिचालनबाट प्राप्त आम्दानी आदि जस्ता पक्षसँग सम्बन्धित तथ्यलाई संख्यात्मक रुपमा प्राप्त भएका छन् । सहकारी संस्थाले महिलालाई पारेको प्रभाव, संवेग, भावना आदिसँग सम्बन्धित तथ्याङ्कहरु गुणात्मक रुपमा प्राप्त भएका छन् । अनुसन्धानमा आवश्यक तथ्याङ्क प्राथमिक र द्वितीय दुवै स्रोतबाट संकलन गरिएको छ । बचत तथा ऋण सहकारी संस्था र त्यसको प्रभाव सम्बन्धि प्रायः सबै सूचनाहरु सम्बन्धित क्षेत्रबाट प्राथमिक तथ्याङ्क संकलनका स्रोतहरुको प्रयोग गरी प्राथमिक तथ्याङ्क संकलन गरिएको छ । प्राथमिक तथ्याङ्कले वर्तमानको अवस्था प्रस्तुत गर्न सहयोग गर्दछ भने द्बितिय स्रोत विगतको अवस्थालाई प्रस्तुत गर्न सहयोगी हुन्छ ।

## ३.५. तथ्याङ्क संकलन विधि

अनुसन्धान कार्यको योजना तयार भइसकेपछि यसको उद्देश्य, समस्या, विषयवस्तु, अध्ययनक्षेत्रको परिस्थिति, अध्ययनकर्ताको क्षमता र उपलब्ध स्रोत साधनलाई ध्यानमा राखेर अन्तरवार्ता अनुसूची, अवलोकन र मुख्य जानकारसंगको अन्तरवार्ता आदिका माध्यमबाट तथ्यहरु संकलन गरिएको छ ।

### ३.५.१ अन्तरवार्ता अनुसूचि

अध्ययनलाई विश्वसनीय र अर्थपूर्ण बनाउन शोधकर्ता आफै अध्ययन क्षेत्रमा उपस्थित भई उत्तरदातासँग अर्न्तवार्ता अनुसुचीको आधारमा अध्ययनको उद्देश्य अनुरुप तथ्याङ्क संकलन गरिएको छ । सुचना दाताहरुसंग प्रत्यक्ष्य भेटि प्राथमिक तथ्यांक संकलन गर्ने एक महत्वपुर्ण विधि  अन्तरवार्ता हो । अन्तरवार्ता सामाजिक अन्तरकियाकै एक अंश हो । जहां एक व्यक्तिले प्रश्न सोध्छन् र अर्को व्यक्तले जवाफ दिईरहेको हुन्छ (वेकर, १९९४) । अध्ययनको उदेश्य अनुसार नमुनाको रुपमा छनोट भएका वचत तथा ऋण सहकारी संस्थामा आवद्ध महिला सदस्यहरुसंग संरचित अन्तरवार्ता विध मार्फत सुचना संकलन गरियो । अन्तरवार्तावाट व्यक्तिको विचार, भावना, सोचाई आदिसंग सम्वन्धित प्राथमिक तथ्यांक सजिलोसंग संकलन हुन्छन ।

### ३.५.२. अवलोकन

शोधकर्ता घटनास्थलमा आफै उपस्थित भई सम्बन्धी घटनालाई यथास्थितिमानै व्यवस्थित किसिमले निरीक्षणगरी तथ्यांक गर्ने प्रविधि नै अवलोकन हो । सामुहिक व्यवहार एवं जटिल सामाजिक संस्थाहरुका साथै सम्पुर्ण रचनामा अन्तरनिहित एकाईहरुको आफनै आंखाले अध्ययन गर्ने  विचार पुर्ण प्रविधिका रुपमा अवलोकन प्रविधिलाई लिन सकिन्छ  (योङ्ग १९९८)। अन्तरवार्तका माध्यम वाट आउन नसकिएका गोप्य तथ्याङ्क र उतरदाताले भन्न नचाहेका कतिपय विषयवस्तुसंग सम्बन्धीत तथ्याङ्क संकलन गर्न अवलोकन विधि प्रयोग गरिएको

छ। किनकि मानविय कमजोरी व्यक्त नगर्नु मानविय व्यवाहरकै उपज हो। त्यसकारण यस विधिवाट सो पक्षसंग सम्वधित सुचना प्राप्त भएको छ।

### ३.६.३. मुख्य सूचनादाता

यस अध्ययन संग सम्वन्धित विविध पक्षहरु जस्तै :- वचत तथा ऋण सहकारी संस्थामा सहभागि सदस्यहरुको नीति निमार्ण प्रक्रिया सम्वन्धि कुराहरुको जानकारी प्राप्त गर्न मुख्य सुचना दाताहरुको रुपमा यस संस्थाका कार्य समितिका अध्यक्ष, सचिव, संचालक समितिका सदस्यहरुलाई प्रमुख व्यक्तिहरु नीति व्यवस्थाको जानकारीको लागि उपयोग गरिएको छ।

## ३.६. तथ्याङ्कको सम्पादन प्रस्तुतीकरण र विश्लेषण

तथ्याङ्कहरु संकलन गरिसकेपछि त्यसलाई विश्लेषण योग्य बनाउन कार्य तथ्याङ्क प्रशोधन गरिन्छ। संकलित तथ्याङ्कलाई बढी अर्थ बुँदा स्पष्ट र विश्लेषण बनाउन काँटछाँट गर्ने प्रग नप्रग मिलाउने तुलना योग्य बनाउने जस्ता कार्यलाई तथ्याङ्क प्रशोधन मानिन्छ। प्रशोधन गरेपछि तथ्याङ्क प्रशोधनमा सम्पादन सांकेतिकरण वर्गीकरण र तालिकीकरण द्धारा गर्ने गरिन्छ। यिनै तथ्याङ्क प्रशोधनका प्रक्रियाहरु मध्ये विभिन्न तथ्याङ्कीय तरिका जस्तै तालिकीकरण प्रतिशत छुट्टयाई अुनसन्धानमा संलग्नहरुको प्रकृति अुनसार विश्लेषण गरिएको छ।

## ३.७. अध्ययनको सीमा

समाजको संरचना जटिल हुने गर्दछ। जटिल सामाजिक संरचना भित्र गरिने अध्ययन अुनसन्धान आफैमा कठिन हुने गर्दछ। अनुसन्धान नीति निर्माण प्रक्रिया र

महिला सहभागिताले समाजमा पारेको प्रभावको विश्लेषणमा कन्द्रित रहेको छ । यस अनुसन्धानका कठिनाई तथा सीमाहरुलाई निम्नानुसार चर्चा गर्न सकिन्छ ।

- अध्ययन सीमित उद्देश्य राखी गरिएको हुँदा सानो क्षेत्रलाई मात्र समेटिएको छ ।
- विषयको अध्ययन धेरै विधिबाट गर्न सकिने भए पनि समय स्रोत र साधनका कारण अुनसन्धानका सीमित विधिलाई मात्र अनुसन्धानमा प्रयोग गरिएको छ ।
- अध्ययन समग्रतामा आधारित नभै नमूना छनोट प्रक्रिया मार्फत भएको हुदा अध्ययनमा सबै एकाईको उचित प्रतिनिधित्व हुन सकेको छैन ।
- अध्ययन हे.न.पा. का संजीवनी बचत तथा ऋण सहकारीमा आबद्ध नीति निर्माण प्रक्रिया र महिला सहभागितासँग सम्बन्धित गरिएको हुदा अध्ययनबाट प्राप्त निष्कर्ष अध्ययन गर्नु हो ।

# अध्याय चार

# अध्ययन क्षेत्रको अवस्था

## ४.१ हेटौडा नगरपालिकाको परिचय

चुरे पहाड र महाभारतको फेदीमा अवस्थित यस हेटौडा नगर महाभारत हेडम्बासुरको निवासस्थानलाई हेडम्ब नगर भनिंदै जाँदा बोलिको अपभ्रंसबाट हेटौडा नगरपालिका शक्तिस्वरुपिणी माता भुटनदेवीको संरचना तथा भौतिक विकासको गतिमा अघि बढेको, देशको राष्ट्रिय राजमार्गहरु महेन्द्र राजमार्ग र कान्तीराजपथको संगमस्थलमा अवस्थित छ । जसलाई २०२६ सालमा नगर पंचायत घोषणा गरिएको थियो । २०४६ को राजनैतिक परिवर्तन पछि हे.न.पा.को रुपमा नामाङ्कन गरिएको थियो । यहाँको हावापानी उष्ण तथा समसितोष्ण प्रकारको छ ।

### ४.१.१ हेटौडा नगरपालिकाको भौगोलिक अवस्था

हेटौडा नगर नेपालको मध्य भागमा रहेको नारायणी अचंल मकवानपुर जिल्लामा पर्दछ । यो नगर उत्तरमा महाभारत पर्वत श्रेणी र दक्षिणमा चुरे श्रेणीको वीचमा रहेको भित्री मधेश(दुन) प्रदेशमा पर्दछ । समुद्र सतहबाट ३०० मीटर देखि ३९० मीटर उचाइमा रहेको यस शहरको क्षेत्रफल ४४.५० वर्ग कि.मी छ । यस शहरको हावापानी उष्ण( ग्रीष्म) समशीतोष्ण (हिँउदमा) रहेको छ । समशीतोष्ण हावापानीको प्रभाव बढी पर्ने भएकोले पतझड प्रकारका वनस्पती यहाँ पाइन्छन् । यस शहरको उत्तरमा भैसे र मकवानपुरगढी गाविस, दक्षिणमा चुरियामाइ र पदमपोखरी गाविस , पूर्वमा हटिया गाविस , पश्चिममा वसामाडी गाविस सिमानामा रहेका छन् । यस नगरको वन क्षेत्रकुल भु-भागको २३% ,कृषि क्षेत्र ४५ प्रतिशत, नदी तथा वगर ४ प्रतिशत , शहरी क्षेत्र ७ प्रतिशत र आवाश ११ र औद्योगिक क्षेत्र १० प्रतिशत जमिनको भू-भाग उपयोगमा छ । यहाँको माटो खैरो फुस्रो नदी किनारामा बलौटे पाँगो र चुरे क्षेत्रमा बलौटे कंकिट माटो छ । यस नगरका मूख्य नदीहरु राप्ती, कर्रा, कुखरेनी र खानेपानी उपयोगमा सामरी पनि मुख्य हो (स्रोत:नगरपालिका २०६२)

## ४.२ पिप्ले : एक परिचय

मध्यमाञ्चल विकास क्षेत्रको नारायणी अञ्चलको मकवानपुर जिल्लाका ४३ गा.वि.स र  एक नगरपालिका मध्ये हेटौडा नगरपालिकाको वडा नं. ५ अन्तर्गत पिप्ले पर्दछ । वडाको उत्तरी सिमानामा मकवानपुर गढी गा.वि.स पर्दछ भने पश्चिममा हे.न.पा- २ रहेको छ । मकवानपुर जिल्लाको निर्वाचन क्षेत्र ३ अन्तर्गत पर्ने यो वडा मकवानपुर जिल्लाको सदरमुकाम हेटौडा देखि २ कि.मि पुर्वमा  पर्दछ। १६०४ घरधुरी रहेको यस ५ नं वडाको कुल जनसंख्या ६६६५ रहेको छ। जस्मा पुरुषको संख्या ४०७४ र महिलाको संख्या २६०१ रहेको छ ( जि.वि.स २०५८)।

## ४.३  जातजाति

जातजातिको आधारमा जनसंख्याको विवरण यस वडामा नेपालको वहुजातिय राष्ट्र विशेषता देखिने भएता पनि ब्राम्हण जातिको वहुल्यता देखिन्छ। वडा नं.५ मा वसोबास गर्ने जाति जनजातिहरुको संरचनालाई तालिका नं १ मा प्रस्तुत गरिएको छ।

**तालिका १ :- अध्ययन क्षेत्रको जनसंख्याको जातिगत संरचना**

| जात/जातिको विवरण | जनसंख्या | प्रतिशत |
|---|---|---|
| ब्राम्हण | ३२८० | ४९.१३ |
| क्षेत्री | १४२९ | २१.४० |
| तामाङ्ग | १४९ | २.२३ |
| मगर | २६९ | ४.०३ |
| नेवार | १००९ | १५.११ |
| दनुवार | ३५१ | ५.२५ |
| गुरुङ्ग | ४६ | ०.६८ |
| राई | २६ | ०.४० |
| दमाई | २९ | ०.४३ |
| सार्की | ६ | ०.०८ |
| अन्य | ८० | १.१९ |
| **जम्मा** | **६६७५** | **१००** |

स्रोत : वडा स्तरीय सामाजिक आर्थिक तथ्याङ्क जि.वि.स मकवानपुर , २०५८

जनगणना २०५८ अनुसार नेपालमा अन्य जातजाति भन्दा क्षेत्रीको वहुल्यता देखिएता पनि अध्ययन क्षेत्रमा ब्राम्हण जातिको वहुल्यता देखिन्छ। जुन वडा नं. ५ मा वसोवास गर्ने कुल जनसंख्या को ४९.१३% रहेको छ। ब्राम्हण पछि क्षेत्री , दनुवार , मगर र नेवार जातिको वहुल्यता देखिन्छ भने सबैभन्दा  कम दलित जाति ( सार्कि) ०.०८ % रहेको छ ।

## ४.४ धर्म भाषागत अवस्था

अध्ययन क्षेत्रको रुपमा रहेको हे.न.पा वडा नं. ५ मा वहुधार्मिक राष्ट्रिय विशेषता देखिने भएता पनि हिन्दु धर्म मान्नेको संख्या अधिक रहेको छ । यस क्षेत्रका मानिसहरुले अवलम्वन गर्ने धार्मिक अवस्थालाई तालिका नं २ मा प्रस्तुत गरिएको छ ।

### तालिका नं. २ :- अध्ययन क्षेत्रको धार्मिक अवस्था

| धर्म | जनसंख्या | प्रतिशत |
|---|---|---|
| हिन्दु | ६६३७ | ९९.४३ |
| बौद्व | २७ | ०.४१ |
| इस्लाम | १० | ०.१५ |
| क्रिश्चियन | १ | ०.०१ |
| जम्मा | ६६७५ | १०० |

स्रोत :- _वडा स्तरीय सामाजिक आर्थिक तथ्याङ्क जि.वि.स मकवानपुर २०५८

वहुधार्मिक अवस्था जस्तै हे.न.पा वार्ड नं. ५ वहुभाषिक अवस्था पनि देख्न सकिन्छ । ब्राम्हण जातिको वाहुल्य भएको कारण यहाँको बोलिचालीको भाषा नेपाली नै रहेको पाईन्छ । हे.ना.पा ५ मा बोलिने भाषाको अवस्थालाई तालिका नं. ३ मा प्रस्तुत गरिएको छ ।

### तालिका ३ : अध्ययन क्षेत्रको भाषागत संरचना

| भाषागत विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| नेपाली | ४४४१ | ६६.५३ |
| नेवारी | ७३५ | ११.०१ |
| तामाङ्ग | १४९ | २.२३ |
| मगर | २६९ | ४.०३ |
| गुरुङ | ५४ | ०.८० |
| दनुवार | १०१६ | १५.२२ |
| प्रजा | ११ | ०.१६ |
| जम्मा | ६६७५ | १०० |

स्रोत वडास्तरीय सामाजिक आर्थिक तथ्याङ्क जि.वि.स. मकवानपुर २०५८

जनगणना २०५८ अनुसार नेपालमा अन्य भाषा बोल्ने जनसंख्याको वहुल्यता भए जसरी नै अध्ययन क्षेत्रमा पनि नेपाली भाषा वोल्ने जनसंख्याको वहुल्यता देखिन्छ जुन वडा नं ५ मा वसोवास गर्ने कुल जनसंख्याको ६६.५३% रहेको छ। नेपाली पछि दनुवार (राई ) भाषा नेवारी र मगर , तामाङ्ग वोल्ने जातिको वहुल्यता देखिन्छ।

## ४.५ शैक्षिक अवस्था

राष्ट्रिय जनगणना २०५८ अनुसार नेपालको साक्षरता प्रतिशत ५४.१ रहेकोमा महिला ४२.८ प्रतिशत र पुरुष ६५.५ प्रतिशत रहेको छ। ( के.त.वि सन् २००७) राष्ट्रिय रुपमा पुरुषको तुलनामा महिलाको साक्षरता प्रतिशत न्युन रहे भ्रै मकवानपुर जिल्लामा पनि महिला ५३.९ प्रतिशत पुरुष ७२.६ प्रतिशतको साक्षरताको अवस्थामा पनि असामान्य रहेको छ । अध्ययन क्षेत्रमा रहेको शैक्षिक अवस्थालाई तालिका नं. ४ मा प्रसतुत गरिएको छ।

**तालिका ४ : अध्ययन क्षेत्रको शैक्षिक अवस्था**

| शैक्षिक अवस्था | संख्या | प्रतिशत |
|---|---|---|
| निरक्षर | १२९६ | १८.९५ |
| साक्षर | २८४३ | ४२.५९ |
| प्रथामिक तह | ५१२ | ७.६७ |
| १० कक्षा पास | १७३ | २.५९ |
| एस.एल.सी पास | ८८५ | १३.२५ |
| आई.ए.पास | ५१८ | ८.७१ |
| वि .ए वा सो भन्दा माथि | ४१६ | ६.२४ |
| **जम्मा** | **६६७५** | **१००** |

स्रोतः वडा स्तरीय सामाजिक आर्थिक तथ्यांक जि.वि.स मकवापुर २०५८

अध्ययन क्षेत्रमा निरक्षर जनसंख्या निकै कम देखिन्छ जुन अध्ययन क्षेत्रमा बसोबास गर्ने कुल जनसंख्याको ६६७५ रहेको छ । साक्षर जनसंख्या को २८०१ जना रहेको छन् । एस.एल.सी पास गर्ने जनसंख्या ८७५ रहेका छन् भने वि.ए वा सो भन्दा बढी पास गर्ने जनसंख्या ३१६ जना रहेका छन् ।

# अध्याय पाँच

# तथ्याङ्कको प्रस्तुति, व्याख्या र विश्लेषण

शोध अध्ययन कार्य निश्चित उद्देश्य प्राप्त गर्नका लागि तयार पारिएको दस्तावेज हो । यस प्रकारको शोध अध्ययनमा शोध शिर्षक तथा उद्देश्यसँग सम्बन्धित रहेर अध्ययन क्षेत्रबाट सुचनाहरुलाई व्यवस्थित तरिकाले संकलन गरिन्छ । यसरी संकलन गरिएका सुचना तथा तथ्याङ्कहरुलाई सम्पादन तथा गहन विश्लेषण गरेपछि त्यसबाट प्राप्त निश्कर्ष नै शोध अध्ययनको औचित्य सावित हुने गर्दछ । त्यसकारण अनुसन्धान कार्यमा तथ्याङ्कहरुको निकै महत्व हुने गर्दछ ।

यस अध्ययनमा नमूना छनौटमा परेका उत्तरदाताहरुबाट अन्तरवार्ता अनुसूची, अवलोकन गरेर सूचना संकलन गरिएको छ । निश्चित उद्देश्य प्राप्तिका लागि अध्ययन क्षेत्रका संस्थामा सहभागी महिलाहरु बीचको सम्बन्धका आधारमा अध्ययनको निस्कर्ष निकालिएका छ । यस शोध अध्ययनमा नमुना छनौटमा परेका उत्तरदाताहरुबाट प्राप्त तथ्याङ्कहरुलाई व्यवस्थित ढंगले सम्पादन वर्गीकरण गरी विश्लेषण गरिएको छ ।

## ५.१ जाति/जनजाति

जातजाति भनेको सामाजिक अवधारणा हो । जातले कुनै पनि व्यक्तिको सामाजिक स्थिति र भूमिकाबारे जन्मनासाथ निश्चित गरिदिन्छ । जात जन्मले निर्धारण गर्ने सांस्कृतिक रुपले भिन्न, गोत्र, वर्ण, आदिको आधारमा समाजका व्यक्तिहरुलाई सामाजिक सम्बन्ध विवाह, खानपान आदि व्यवस्थामा विविधता र असमानता ल्याउने तत्व हो । सामाजिक सम्बन्ध तथा संरचना भित्र विभिन्न जातजाति, जनजाति एवं दलितहरु समावेश भएका हुन्छन् । जाति व्यवस्थाले मानिसको पेशालाई निश्चित गरिदिने भएकोले यस अध्ययनमा जातिगत विवरण समावेश गरिएको छ । जातिगत विवरण निम्नअनुसार देखाउन सकिन्छ ।

### तालिका नं. ५

### जातिय आधारमा सहकारी संस्थामा आवद्ध सदस्यहरुको  विवरण

| जातजाति | संख्या | प्रतिशत |
|---|---|---|
| ब्राम्हण | ३७ | ३७ |
| क्षेत्री | ३३ | ३३ |
| नेवार | १६ | १६ |
| अन्य | १४ | १४ |
| जम्मा | १०० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०६८

संजिवनी बचत तथा ऋण सहकारी संस्था रहेको हे.न.पा. ५ मा बसोबास गर्ने बासिन्दाहरु बढी ब्राम्हण र क्षेत्री रहेको हुनाले संस्थामा आवद्ध सदस्यहरुमा  ब्राम्हण र क्षेत्रीहरुको बाहुल्यता रहेको हो । ब्राम्हणको सदस्य संख्या कुल उत्तरदाताको ३७ प्रतिशत र क्षेत्रीको सदस्य संख्या कुल उत्तरदाताका ३३ प्रतिशत रहेको पाइयो । त्यस्तै गरी नेवार कुल उत्तरदाताको १६ प्रतिशत रहेको पाईयो । यहां  तामाङ, मगर, राई, दलित जस्ता अन्य जातीको बसोबास कम भएकोले संस्थामा आवद्ध सदस्यहरुको संख्या पनि कुल उत्तरदाताको १४ प्रतिशत मात्र छ ।

प्रस्तुत तालिकाले सहकारी संस्थामा ब्राम्हण तथा क्षेत्री जातिका महिलाहरुको सहभागिता भन्दा नेवार तथा अन्य जातिका महिलाहरुको सहभागिता न्यून भएको तथ्यलाई प्रष्ट पारेको छ । जातिय आधारमा हुने महिलाहरुको स्वतन्त्रताको कारण ( ब्राम्हण ३७ , क्षेत्री ३३ , नेवार १६ र अन्य १४) महिलाको सहभागीतामा भिन्नता देख्न सकिन्छ ।

## ५.२ धर्म

धर्म एउटा आलोकिक शक्ति माथिको विश्वास हो । धर्मले मुलतः सांस्कृतिक पक्षका प्रचलन, आस्था, विश्वास, परम्परा, चालचलन जस्ता पक्षमा प्रभाव पार्छ । यसले विकास प्रतिको सामाजिक दृष्टिकोणलाई पनि प्रतिविम्वित गर्दछ । प्राय : नेपाली समाजमा बहुधार्मिक विशेषता देखिएको छ जसले नेपाली समाजको संरचना निर्माण गर्दछ । धर्मले पनि पेशालाई निश्चित गरिएका हुन्छ । संजीवनीवचत तथा ऋण सहकारी संस्थामा आवद्ध सदस्यअरुको धर्मगत विवरण निम्नानुसार छ ।

**तालिका नं. ६**

**धर्मको आधारमा सहकारी संस्थामा आवद्ध सदस्यहरुको विवरण**

| धर्म | संख्या | प्रतिशत |
|---|---|---|
| हिन्दू | ७९ | ७९ |
| बौद्ध | १५ | १५ |
| क्रिश्चियन | ६ | ६ |
| **जम्मा** | **१००** | **१००** |

स्रोत : स्थलगत अध्ययन, २०६८

तालिका अनुसार परम्परादेखि चलि आएको हिन्दू समाजमा हिन्दू धर्म मान्ने उत्तरदाताहरुको संख्या नै बढि देखियो । जस अन्तर्गत कुल उत्तरदाता मध्ये हिन्दु धर्म मान्ने ७९ प्रतिशत रहेको पाइयो । कुल उत्तरदाता मध्ये बौद्ध धर्म मान्ने १५ प्रतिशत रहेको पाइयो भने त्यसको अलावा धर्म परिवर्तन गरी हामी क्रिश्चियन हो भन्नेको संख्या ६ प्रतिशत रहेको पाईयो । संजीवनी वचत तथा ऋण सहकारी संस्था रहेको क्षेत्र वरपर हिन्दु धर्मावलम्वी को वदी वसोवास भएकोले हिन्दु धर्मावलीको संलग्नता वदी देखिएको हो । यस क्षेत्रमा क्रिश्चीयन धर्मावलम्वीहरु अल्पसंख्यामा छन । त्यसैले तिनिहरुको संलग्नता संख्यामा कम देखिएको हो ।

## ५.३ पेशा/रोजगार

व्यक्ति तथा समूहले आफ्नो जीवन संचालन गर्नको लागि सम्पन्न गर्ने क्रियाकलापको समग्रतालाई पेशा भन्ने गरिन्छ (मार्शल,२००४) । जुनसुकै समाजमा रहे बसेको भए पनि मानिसले जीवनयापनको खातिर कुनै न कुनै व्यापार, व्यवसाय, ज्याला, मजदुरी वा सरकारी जागिर वा नीजि पेशा गरेर बसेका हुन्छन् । पेशाको प्रकृतिले रकम वचत तथा परिचालन प्रत्यक्ष्य  प्रभाव पार्ने भएकोले यस अध्ययनमा संस्थामा आवद्ध सदस्यहरुको पेशागत विवरण संकलन गरिएको हो । यहां संजीवनी वचत तथा ऋण सहकारी संस्थामा आवद्ध सदस्यहरुको पेशागत विवरण निम्नानुसार छ ।

**तालिका नं. ७**

**पेशाको आधारमा उत्तरदाताको विवरण**

| पेशा/रोजगार | संख्या | प्रतिशत |
|---|---|---|
| व्यापार | १७ | १७ |
| कृषि तथा पशुपालन | ५६ | ५६ |
| नोकरी | २२ | २२ |
| अन्य | ५ | ५ |
| **जम्मा** | **१००** | **१००** |

स्रोत : स्थलगत अध्ययन, २०६८

यस तालिका अनुसार संस्थामा सहभागी धेरै महिलाहरु कृषिमा निर्भर रहेका छन् । यहां कृषि तथा पशुपालनमा कुल उत्तरदाताको ५६ प्रतिशत रहेको पाईयो । व्यापारमा कुल उत्तरदाताको १७ प्रतिशत रहेको छ भने नोकरीमा २२ प्रतिशत रहेको पाईयो । त्यस्तै अन्य भन्नाले समाज सेवा, संस्थाहरुमा सहयोग रुपमा काम गर्ने ५ प्रतिशत रहेको पाईयो । व्यापार व्यवसायका लागी पुंजीगत व्यवसायीक क्षमता तथा नोकरीको लागी निश्चित योग्यता आवस्यक पर्ने भएकोले अध्ययन क्षेत्रमा परम्परागत कृषि र पशुपालन

व्यवसाय अपनाउनेहरुको वहुल्यता छ । स्थानीय तहमा दुग्ध उत्पादक किसानहरुको संख्या अधिक भएकोले यिनीहरुमा आर्जित रकम वचत गर्ने प्रकति विकास हुदै आएकोले आवद्ध सदस्यहरुमा कृषि तथा पशुपालन व्यवसाय अपनाउनेको संख्या अधिक देखिन्छ ।

प्रस्तुत तालिकाले कृषि तथा पशुपालन पेशामा महिलाहरुको सहकारीमा सहभागीता बढि भएको तथ्यलाई प्रश्तुत गरिएको छ । सहकारीको जन्म वा थालनी नै यहि पेशाका मानिसलाई मध्य नजर गरीएको र सहकारी मा हुने कारोवार पनि यही पेशा संग बढि सम्बन्धीत हुने भएको हुनाले अन्य पेशामा महिलाको सहभागीता यस पेशाका भन्दा कम देखिन्छ ।

## ५.४ शिक्षा

जुनसुकै समाजमा रहे बसेको मानिसहरु भए पनि सो समाजमा रहदा विभिन्न आर्थिक तथा शैक्षिक क्रियाकलापमार्फत जीवनस्तर सुधार तथा गरिबी निवारण गर्ने एक मात्र आधारभुत माध्यम शिक्षा नै हो । सामान्यत ! निरक्षर भन्नाले लेख्न, पढ्न नसक्ने अवस्थालाई भन्ने गरिन्छ भने लेख्न पढ्न सक्ने अवस्थालाई साक्षर भन्ने गरिन्छ ( वि.एस२००३ ) । अध्ययन क्षेत्रमा अनौपचारिक शिक्षा मार्फत साक्षर भएको अवस्थाले गर्दा सहभागी महिला सदस्यहरुको शैक्षिक अवस्थालाई तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ८**

**शैक्षिक योग्यताको आधारमा उत्तरदाताको विवरण**

| शैक्षिक अवस्था | सदस्य संख्या | प्रतिशत |
|---|---|---|
| निरक्षर | - | - |
| साक्षर | ५२ | ५२ |
| एस.एल.सी. | २० | २० |
| आई.ए. + २ | २८ | २८ |

| जम्मा | १०० | १०० |
|---|---|---|

स्रोत : स्थलगत अध्ययन, २०६८

यस तालिका अनुसार कुल उत्तरदाता मध्ये कुनै महिला सदस्य पनि निरक्षर देखिदैन । संस्थामा सहभागी हुनु पूर्व सदस्यहरु निरक्षर भए पनि संघ संस्थाहरुले संचालित प्रौढ शिक्षा गृहिणी तथा विभिन्न अनौपचारिक शिक्षाका परिणाम महिला सदस्यहरुको निरक्षरता उन्मुलन हुनु गएको देखिन्छ ।

विभिन्न गैर सरकारी संस्था तथा सहकारीद्धारा सञ्चालित शिक्षासँग सम्बन्धित जनचेतनामुलक कार्यक्रम विभिन्न तालिम तथा प्रशिक्षण, समाजमा आएको परिवर्तन, समूहको ऋण परिचालन गरी आयआर्जन क्रियाकलापमार्फत आर्थिक रुपमा आत्मनिर्भर बन्दै गए पश्चात महिलामा सृजना भएको शिक्षा प्रतिको मोह, रोजगारमा औपचारिक शिक्षाको आवश्यकताको कारण पछिल्लो समयमा महिलाको औपचारिक शिक्षातर्फ रुची बढ्दै गएको परिणाम संस्थामा सहभागी कुल उत्तरदाता महिला सदस्यमध्ये एस.एल.सी. पास २० प्रतिशत र आई.ए.+२ २८ प्रतिशत रहेको पाईयो ।

## ५.५ महिलाहरु संस्थामा सहभागी समय अवधि

कुनै पनि संस्था तथा कार्यक्रममा सहभागी समयअवधि र त्यसले पार्ने प्रभावका बीचमा प्रत्यक्ष सम्बन्ध हुने गर्दछ । सहभागी अवधि भन्नाले संस्थामा प्रवेशको शुरुदेखि हालसम्मको समय भन्ने बुझिन्छ । सहकारी संस्थाको सहयोगमा २०५७ सालदेखि शुरुआत भएको संजीवनी बचत तथा सहकारी संस्थामा सदस्य भएको समय अवधि फरक फरक भएको पाईयो । सदस्य भएको समय अवधि निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ९

**संस्थामा सहभागी समय अवधि**

| **संस्थामा आवद्ध समय** | **उत्तरदाताको संख्या** | **प्रतिशत** |
|---|---|---|
| २ वर्ष | ३५ | ३५ |
| २-५ वर्ष | २५ | २५ |
| ५-८ वर्ष | २२ | २२ |
| ८-११वर्ष | १८ | १८ |
| **जम्मा** | **१००** | **१००** |

स्रोत : स्थलगत अध्ययन, २०६८

यस संस्था संचालनमा आएको ११ वर्ष पुगेको छ । यस संस्थामा १०० जना उतरदाता मध्ये सदस्य हुने वा सदस्य भएको अवधि ८ देखि ११ वर्ष भएका सदस्य संख्या १८ प्रतिशत छ भने ५ देखि ८ वर्ष भएको सदस्य संख्या २२ प्रतिशत, २ देखि ५ वर्ष भएका सदस्य संख्या २५ प्रतिशत र २ वर्ष भन्दा कम अवधि भएका सदस्य ३५ प्रतिशत छन ।

प्रश्तुत तालिकाले सहकारी संस्थामा महिला सहभागीताको संख्या बददै गएको तथ्यलाई उजागर गरेको छ । त्यस मध्ये संजिवनी बचत तथा ऋण सहकारी संस्था अरु संस्था मध्ये पुरानो संस्था हो । शुरुका वर्षमा भन्दा हालका वर्षमा सदस्य संख्या बद्दै गएको देखिन्छ । शुरुका वर्षहरुमा सहकारी संस्थाहरु कम मात्र संचालन भएका कारण महिला सदस्यहरु सहकारी संस्था प्रति सहकारी सम्बन्धी ज्ञानको कमीले गर्दा अति न्युन सहभागीता देखिएको छ । अहिलेको परिवेशमा महिला सदस्यहरु सहकारी विकास संगसंगै सहकारी सम्बन्धी ज्ञान र चेतनाका कारण महिला सदस्यहरुको वृदि भएको देखिन्छ । महिला सदस्यको हाल आएर अत्यधिक रुपले वृदि देखिएकोहुनाले महिलाहरुको निति निर्माण प्रकियामा सहभागीता वददै गएको तथ्यलाई प्रष्ट वुभ्कन सकिन्छ ।

## ५.६ संस्थामा महिलालाई सहभागीताको लागि उत्प्रेरक तत्वहरु गर्ने स्रोत

थोरै थोरै रकम एकै ठाउँमा जम्मा गरेर व्यक्तिगत तथा पारिवारिक समस्या समाधानमा सहयोग पुऱ्याउने उद्देश्यले सहकारी संस्था खोलिएको हुन्छ । यस प्रकार संस्थामा आवद्ध हुनका लागी सामाजीक सम्बन्धले महत्वपुर्ण भुमिका खेल्दछ । संजीवनी बचत तथा ऋण सहकारी संस्थामा आवद्ध महिलाहरुको लागी प्रेरित गर्ने सोतहरु के रहेछन भन्नेवारेमा पनि तथ्याङ्क संकलन गरियो । संस्थामा आवद्ध महिलालाई संस्थामा आवद्ध हुनकालागी प्रेरित गर्ने सोतहरु निम्नानुसार देखिन्छ ।

## तालिका नं. १०

## संस्थामा महिलालाई सहभागिताको लागि प्रेरित गर्ने श्रोत

| संस्थाप्रति प्रेरित | सदस्य संख्या | प्रतिशत |
|---|---|---|
| परिवारको सदस्य | ३० | ३० |
| साथी | १० | १० |
| सहकारी कर्मचारी | ५५ | ५५ |
| महिला समूह | ५ | ५ |
| **जम्मा** | **१००** | **१००** |

स्रोत : स्थलगत अध्ययन, २०६८

यस तालिकामा उल्लेख भए अनुसार सहकारी संस्थामा उत्प्रेरित गराउने काम सहकारी कर्मचारी रहेको पाईयो किनभने कुल उत्तरदाता मध्ये सहकारी कर्मचारीबाट उत्पेरित सदस्य संख्या ५५ प्रतिशत सदस्य पाईयो । कुल उत्तरदाताको ३० प्रतिशत परिवारको सदस्यहरुबाट प्रेरित भएर , साथीहरुको माध्यमबाट १० प्रतिशत र महिला समुहको माध्यमबाट ५ प्रतिशत सहभागिता भएको  पाइयो ।

यस बाट के स्पष्ट देअिन्छ भने संस्थामा सहभागिताको लागि सदस्यहरुले निश्चित रकम वचत गर्नु पर्छ। संस्थामा रकम वचत गर्न विश्वसनीय व्यक्ति वा समूहले उत्पेरित नगरे सम्म वचत कर्ता अग्रसर हुदैनन् । संस्थाप्रति वचत कर्ता लाई विश्वास जगाउने सन्दर्भमा कर्मचारीहरुलाई प्रशिक्षित गरिएको हुन्छ । त्यसैले यहां सहकारी संस्थाको कर्मचारीबाट प्ेरित भएर संस्थामा आवद्ध सदस्यको संख्या सबैभन्दा बढी देखिएको हो । संस्थामा महिला सदस्यको निणर्य प्रकियामा हुने सहभागिताको कारण महिलाहरु सहकारीमा आकर्षित  देखिन्छन् ।

## ५.७ संस्थामा महिला सहभागिता र आय आर्जनको श्रोत

कुनै पनि व्यक्तिले आफ्नो मानसिक र शारीरिक योगदान गरेवापत प्राप्त गर्ने पारिश्रमिकलाई आम्दानी भनिन्छ । व्यापार वा व्यवसाय गरी प्राप्त गरेको मुनाफालाई पनि आम्दानीको रुपमा लिइन्छ । संजीवनी बचत तथा ऋण सहकारी संस्थामा शुरुमा प्रति महिना रु १००।- जम्मा गर्ने गरी गठन भएको सुनैालो आय आर्जनको वृद्धि र विकास संगै प्रति महिना रु ५००।- जम्मा गरेको पनि पाईयो । संस्थामा आवद्ध रहेको सदस्य महिलाहरुले मासिक वचत कसरी गयो वा वचत गर्ने रकमको लागी उपलब्ध हुने स्रोतको व्यवस्था कहां प्राप्त भयो भन्ने प्रश्न गर्दा प्राप्त तथ्याङ्कलाई निम्नानुसार तालिकामा  प्रस्तुत गरिएको छ ।

**तालिका नं. ११**

**संस्थामा बचत गर्ने रकमको श्रोत**

| रकम उपलब्ध हुने स्रोत | सदस्य संख्या | प्रतिशत |
|---|---|---|
| नोकरी | १० | १० |
| व्यापार व्यवसाय | १८ | १८ |
| पशुपालन | ३२ | ३२ |
| खेतीपाती | ४० | ४० |
| **जम्मा** | **१००** | **१००** |

स्रोत : स्थलगत अध्ययन, २०६८

यस तालिकाले कुल उत्तरदाताको ४० प्रतिशत महिला सदस्यहरुको बचतको स्रोत खेतीपाती रहेको पाईयो । त्यस्तै कुल उत्तरदाताको ३२ प्रतिशत सदस्यहरुको बचतको स्रोत पशुपालन रहेको छ । कुल उत्तरदाताको १८ प्रतिशत महिलाहरुको

बचतको स्रोत साना तथा ठुला व्यापार व्यवसाय रहेको छ भने १० प्रतिशत सदस्यहरुमात्र नियमित आम्दानी हुने नोकरी खान्छन् ।

व्यापार गर्ने महिलासदस्यहरुको आम्दानीको स्तरमा मध्यम वर्गमा पर्दछन । ४० प्रतिशत सदस्यहरु कृषि पनि मनसुनमा आधारीत हुने भएकोले कृषि पेशामा लागेका महिलासदस्यहरुको आम्दानी निश्चित हुदैन । त्यसैले वचत गर्नु पर्ने हुन्छ । यधपि यस संस्थाका महिला सदस्यहरु सुनौलो आयमूलक कृयाकलाप बाट उत्पादित वस्तु विकी वितरण गरी पाप्त हुने मुनाफा नै वचत रकमको मुख्य सोत वन्न गएको हो । कृषि पेशा भन्दा अन्य क्षेत्रको पेशा व्यवसायमा बढि आम्दानी हुने गरेको बताएपनि धेरै महिला सदस्यहरुको आम्दानीको स्रोत भने कृषि र पशुपालन रहेको पाइयो । १० प्रतिशत महिला सदस्यहरु निश्चित योग्यताका कारण पनि नोकरी पेशामा कम हुन गएको हो ।

## ५.८ सहकारी संस्थाप्रति अवधारणा

समाजमा विभिन्न किसिमका संघ संस्थाहरु स्थापना भएको हुन्छ । स्थानीय स्तरमा गठन हुने संघ संस्थाहरुमध्ये सहकारी संस्था पनि एक हो । निम्न स्तरदेखि लिएर माथिल्लो तहसम्म पुग्न सक्ने यस्तो संस्थाको जगेर्ना गरी धेरै मानिसहरुलाई सेवा सुविधा दिन सक्ने बनाउन त्यस संस्थासँग सम्पर्कमा आउने र संस्थाको सदस्यहरुले पनि आफ्नो भूमिका निर्वाह गर्नुपर्दछ । अध्ययन क्षेत्रमा लिइएका सदस्यहरुले संस्थाप्रति दिने समय सम्बन्धी विवरण संकलन गरिएको विधि यसै सन्दर्भमा प्राप्त विवरण निम्नानुसार छ ।

## ५.९ जातिका आधारमा सहकारीको शेयर सदस्यको विवरण

शेयर भन्नासाथ संस्थामा वचत गर्ने उदेश्यले शेयर खरीद गरी लगानी गरिएको रकमलाई बुझिन्छ । संस्थाको गठन भएको वर्ष देखि हाल सम्म ११ वर्षको अन्तरालमा जम्मा शेयर सदस्य संख्या १४५५ पुगेको र अध्ययन क्षेत्र अनुसार जतिय अवस्था यस तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १२**

**संस्थाको जातिय अवस्था**

| जात | महिला सदस्य | पुरुष सदस्य | जम्मा | महिला % | पुरुष % |
|---|---|---|---|---|---|
| दलित | ६ | ३ | ९ | .४ | .२ |
| जनजाति | १८४ | १७० | ३५४ | १३ | ११ |
| मुश्लीम | १ | २ | ३ | .०७ | .१ |
| अन्य (ब्राम्हण, क्षेत्री) | ५४४ | ५४५ | १०८९ | ३८ | ३७ |
| **जम्मा** | | | | **५२** | **४८** |

स्रोत : स्थलगत अध्ययन, २०६८

यस तालिका अनुसार २०५७ सालदेखि गठन भएको यस संस्थामा महिला सहभागीता विगत वर्षमा भन्दा वर्तमान समयमा वृद्धि हुदै गएको देखिन्छ । महिला सहभागिता ५२ प्रतिशत रहेको पाइयो भने पुरुष सहभागिता ४८ प्रतिशत रहेको पाइयो ।

यस संस्थामा महिला सदस्यहरु सहभागी हुनका कारण विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरुले प्रदान गरेको शिक्षाको कारण , महिलाहरुमा आएको चेतना , घरपरिवारमा महिलाप्रति हेर्ने दृष्टिकोणमा आएको परिवर्तनले गर्दा विगत वर्षमा भन्दा वर्तमान समयमा महिला शेयर सदस्यतामा सहभगीता वढेको देखिन्छ । अध्यक्ष, उपाध्यक्ष पदमा पुरुषको पहुँच देखिन्छ भने संचालक समितिमा रहेका ३ जना महिला सदस्य मध्ये

१ जना महिला सदस्य सचिव पदमा मनोनयन भएको पाईयो । यसले संस्थाको निति निर्माणको प्रकृयामा महिला सहभागिताको भूमिका महत्वपूर्ण रहेको तथ्यलाई देखाउँछ ।

## ५.१० सहकारी संस्थाको पारदर्शिता

बचत तथा ऋण सहकारी संस्थाको गतिविधि बारे सूचना पाउनु हरेक सदस्यको अधिकारको कुरा हुन्छ । सदस्यहरुमा आफ्ना अधिकारको खोजी गर्ने सामाजिक परिवेश देखा परेको नपरेको बारे हेर्न हरेक क्षेत्रका विभिन्न संस्थाका पारदर्शिता बारे अध्ययन गरिएको छ ।

**तालिका नं. १३**

**संस्थाको प्रशासनिक /आर्थिक स्थितिका बारेमा जानकारीको स्रोत**

| संस्थाको प्रशासनिक आर्थिक जानकारी लिने | सदस्य संख्या | प्रतिशत |
|---|---|---|
| वार्षिक साधारण सभा | ४५ | ४५ |
| मासिक बैठकबाट | १५ | १५ |
| मासिक प्रतिवेदनबाट | ३२ | ३२ |
| मागेको बखत | ८ | ८ |
| जम्मा | १०० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०६८

यस तालिका अनुसार सहकारी संस्थाले लिएको नीति, आय व्यय विवरण, संस्थाको नाफा घाटाको अवस्था कर्मचारीको अवस्था जस्ता आर्थिक र प्रशासनिक विषयको एक पटक हुने साधारण सभाबाट कुल उत्तरदाताको ४५ प्रतिशत सदस्यहरुले जानकारी पाएको पाईयो भने मासिक बैठकबाट संस्थाको जानकारी हासिल गर्ने १५ प्रतिशत देखिन्छ । कुल उत्तरदाताको ३२ प्रतिशत ले मासिक प्रतिवेदनबाट जानकारी

देखिन्छ भने आफुले चाहेको र हेर्ने बुझ्न खोजेको बखत जानकारी पाउने ८ प्रतिशत मात्र देखिन्छ ।

यसबाट महिला सहभागीताको अवस्थालाई समेटिएको देखिन्छ । महिला सदस्यहरुले वेला वेलामा संस्थाको आर्थिक प्रशासनिक स्थिति बारे जानकारी लिने बानिमा कमी देखिन्छ भने साधारण सभाबाट नै सवै आर्थिक प्रशासनिक स्थितिको जानकारी लिने बानिको विकास भएको देखिन्छ । यसरी वस्तु स्थितिको वारेमा जानकारी भयो भने महिला सदस्यहरुलाई नीति निर्माण प्रकृयामा सहभागी हुन सजिलो पर्दछ ।

## ५.११ महिलाको तर्क विचार रायको सुनुवाइको अवस्था

संजीवनी बचत तथा ऋण सहकारी संस्थामा वार्षिक साधारण सभा, बैठक तथा अन्य छलफलहरुमा महिलाको तर्क विचार तथा रायलाई कति सम्म स्थान दिन्छ भन्ने कुरा महिला सदस्यहरुको नीति निर्माण प्रकृयामा महिला सहभागिताको मापन गर्ने सवालमा महत्व पुर्ण हुन्छ । यस अध्ययनमा उपस्थित भएका महिलासदस्यहरुको प्रस्ताव वा विचारहरुलाई कतिको सुनुवाइ हुन्छ भन्ने विषयमा यस तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १४**

**बैठकमा महिलाको कुराको सुनुवाई वितरण तालिका**

| सुनुवाईको अवस्था | संख्या | प्रतिशत |
|---|---|---|
| स्पष्टरुपमा व्यक्त गर्न पाइन्छ | ६७ | ६७ |
| केही कुरा व्यक्त गर्नपाइन्छ | ३३ | ३३ |
| जम्मा | १०० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०६८

यस तालिका अनुसार संस्थामा भएका कार्यक्रम वार्षिक साधारणसभा, वैठक र अन्य छलफलमा उपस्थित भएका महिलाहरुको प्रस्ताव वा राय सुझावको बारमो स्पष्ट रुपमा व्यक्त गर्न पाइन्छ भन्नेमा सर्वाधिक कुल उत्तरदाताको ६७ प्रतिशत रहेको पाइयो भने केही कुरा  व्यक्त गर्नपाइन्छ भन्नेमा कुल उत्तरदाताको ३३ प्रतिशत र व्यक्त गर्न पाइदैन भन्नेमा कुल उत्तरदाताको ५ प्रतिशत रहेको पाइयो ।

जसबाट के स्पष्ट हुन्छ भने ६७ प्रतिशत महिला सदस्यहरु संस्थामा आवद्ध भई संस्थाको निर्णय प्रकृयामा राय सुझाव दिन सक्ने क्षमता महिला सदस्यहरुमा रहेको र उनीहरुमा आफ्ना विचार तथा राय स्पष्ट रुपमा राख्दा संस्थाका सदस्यहरु सहमति हुने र संस्थाको नीति निर्माण प्रकृयामा महिलाको विचारलाई संस्थाले ग्रहण गरेको देखिन्छ ।

## ५.१२ ऋण रकम परिचालन क्षेत्र र महिला

संस्थामा सहभागी भई बचत गरे पश्चात संस्थाको  विनियम अनुसार १६% व्याजदरमा सदस्यहरुले ऋण स्वरुप लिने गरेको देखिन्छ । १८महिना भित्र मासिक किस्तावन्दीमा १०००० देखि १५००० सम्म ऋण स्वरुप लिएको पाईन्छ । यिनीहरुले नमुनाको रुपमा लिएका १००जना मध्ये ४० जनाले ऋण लिएको देखिन्छ । उत्पादनमूलक, सीपमूलक, रोजगारी मुलक र व्यापार संचालनगरी आय आर्जन गरी आत्मनिर्भर वन्ने उदेश्यले त्रलण लिएको पाईन्छ । यस संस्थामा आवद्ध महिला सदस्यहरुले ऋण लिई रकम लगानी गरेको क्षेत्रको अवस्थालाई निम्न अनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

## तालिका नं. १५

## ऋण रकम परिचालन तथा प्रवाहको अवस्था

| रकम परिचालन प्रवाह क्षेत्र | सदस्य संख्या | प्रतिशत |
|---|---|---|
| पशुपालन | १६ | ४० |
| खेतीपाती | १६ | ४० |
| व्यापार | ४ | १० |
| घरायसी काम | ४ | १० |
| **जम्मा** | **४०** | **१००** |

स्रोत : स्थलगत अध्ययन, २०६८

यस तालिकाको आधारमा व्याख्या गर्दा अधिकांश सदस्यहरुले संस्थाबाट ऋण लिएको रकम पशुपालनमा ४० प्रतिशत र खेतिपातीमा ४० प्रतिशत रहेको पाइयो । व्यापारमा १० प्रतिशत र घरायसी काममा १० प्रतिशत महिला सदस्यले ऋण स्वरुप रकम प्रयोग गरिएको पाइयो ।

यसबाट के स्पष्ट हुन्छ भने अधिकाश महिला सदस्यहरुको पेशा नै कृषि भएकोले बढी महिला सदस्यहरु कृषि तथा पशुपालन संचालन गर्न ऋण लिने गरेको पाइयो । यस संस्थाबाट ८० प्रतिशत महिला सदस्यहरुले कृषि तथा पशुपालनमा लगानी गरी उत्पादित वस्तु सजिलै सँग वजारमा विक्री गर्न सक्ने उद्देश्यले ऋण लिई यो पेशा अपनाएको पाइयो । त्यस्तै गरी २० प्रतिशत महिला सदस्यहरुले व्यापार व्यवसायमा र घर खर्चमा लगानी गरेको पाइयो । संस्थामा सहभागी महिला सदस्यहरुले ऋण लगानी गरी घरव्यवहारमा परेको समस्यालाई समाधान हुने हुदा सहकारीबाट ऋण लिई समस्याको समाधान गरेको पाईयो ।

## ५.१३ संस्थाबाट ऋण लिई महिलाहरुको वार्षिक आम्दानीको अवस्था

वार्षिक आम्दानीले संस्थाबाट ऋण लिई विभिन्न आयमूलक कार्य लगानी गरी प्राप्त भएको रकमबाट संस्थाको ऋण भुक्तानी गरी बाँकी रहेको सम्पूर्ण रकमलाई बुझाउँछ । संस्थाबाट लिएको ऋण रकम विभिन्न क्षेत्र (पशुपालन, व्यापार, कृषि तथा नगदेवाली) मा लगानी गरी सबै सदस्यहरुले वार्षिक रुपमा फरक-फरक आम्दानी गर्न सफल भएको पाइयो । संस्थामा सहभागी सदस्यहरुको ऋण रकम लगानी गरी गरेको वार्षिक आम्दानीको अवस्थालाई तालिकामा प्रस्तुत गरिएको छ ।

### तालिका नं. १६

### वार्षिक आम्दानीको अवस्था

| वार्षिक आम्दानी | सदस्य संख्या | प्रतिशत |
|---|---|---|
| ५००० भन्दा कम | ६ | १५ |
| ५००० देखि १५००० सम्म | १० | २५ |
| १५००० देखि २५००० सम्म | २० | ५० |
| २५००० देखि माथि | ४ | १० |
| **जम्मा** | **४०** | **१००** |

स्रोत : स्थलगत अध्ययन, २०६८

यस तालिका अनुसार संस्थाबाट ऋण लिई विभिन्न क्षेत्रमा लगानी गरी वार्षिक रुपमा गरेको आम्दानीमा विविधता देखिन्छ। यस संस्थाबाट ऋण लिने सदस्य मध्ये १०० जना मध्ये ४० जनाले ऋण लिएको पाइन्छ। यहां ५००० देखि १५००० सम्म वार्षीक आम्दानी गर्ने समूहमा २५ प्रतिशत र १५००० देखि २५०००वार्षिक आम्दानी गर्ने समुहमा ५० प्रतिशत देखिन्छ। २५००० भन्दा माथी वार्षिक आम्दानी गर्ने सदस्यहरुको संख्या सवैभन्दा न्युन देखिन्छ। यसका आधारमा वार्षिक ५०००देखि २५०००आम्दानी गर्ने समुहमा यस संस्थाबाका ७५ प्रतिशत सदस्यहरु पर्दछन भन्ने स्पष्ट हुन्छ।

प्रस्तुत तालिकाबाट महिलाहरुको आम्दानी क्रमशः बददै गएको देखिन्छ। नीति निर्माण तथा सहभागिता जस्ता पक्षहरुमा आर्थिक सम्पन्नताले महत्वपूर्ण भूमिका खेलेको हुन्छ। आथिक सम्पन्नता नभएको महिलाहरु नीति निर्माणको प्रकृया सहभागिता हुने अवस्था वा वातावरण रहदैन। त्यसैले ५००० सम्म आम्दानी भएका ३४जना महिलाहरु नीति निर्माणको प्रकृयामा सहभागी हुन वातावरण बन्न सक्छ भने ५००० भन्दा तल आम्दानी भएको महिलालाई त्यस्तो आवस्यकता नरहन सक्छ। तसर्थ व्यक्तिगत वा

पारिवारिक आर्थिक अवस्थाले अन्य पक्षमा पार्ने प्रभाव जस्तै नीति निर्माण को प्रकृयामा पनि पारेको हुन्छ ।

## ५.१४ घरायसी निर्णय प्रकृयामा महिला सहभागिता

घरपरिवार वा घरायसी वा घरधन्दाले निश्चित स्थानमा बसोबास गरी साझा स्रोत र साधनको प्रयोग गर्ने मानिसहरुको सामाजिक समूहलाई  बुझाउँदछ। घरधन्दा सञ्चालन विकास आर्थिक, सामाजिक, राजनीतिक कार्य तथा नीति निर्माण निर्धारण गर्ने पद्धतिलाई घरायसी निर्णय प्रकृया भनिन्छ । (जरी एण्ड जरी २००६) । नीति निर्माणमा महिला सहभागिताले समाजमा संचालित भएको घरायसी निर्णय प्रकृयामा महिलाको सक्रिय उपस्थिति जनाउँछ । नेपालको सन्दर्भमा चर्चा गर्दा समग्र समाज  पितृसत्ताद्धारा सञ्चालित भएकोले संघ, संस्था, घरायसी निर्णय प्रकृयामा महिलाको न्यून सहभागिता भएको छ (चौलागाई, २०६०) । अध्ययन क्षेत्रमा सहकारी संस्थामा सहभागी हुनुभन्दा अगाडि घरायसी निर्णय प्रकृयामा खासै सहभागीताको अवस्था रहेको नभए तापनि संस्थामा सहभागी भए पश्चात् उनीहरुको घरायसी जीवनस्तरमा निर्णय प्रकृयामा रहेको सहभागिता तथा परिवर्तनको अवस्थालाई तालिका प्रस्तुत गरिएको छ ।

**तालिका नं. १७**

**घरायसी निर्णय प्रकृयामा महिलाको अवस्था**

| सहभागिताको अवस्था | सदस्य संख्या | प्रतिशत |
|---|---|---|
| पूर्ण सहभागिता | ८५ | ८५ |
| सामान्य सहभागिता | १२ | १२ |
| फरक केही पनि छैन | ३ | ३ |
| **जम्मा** | **१००** | **१००** |

स्रोत : स्थलगत अध्ययन, २०६८

यस तालिका अनुसार सहकारी संस्थामा सहभागी भए पश्चात महिला सदस्यहरुको जीवन स्तरमा आएको परिवर्तनलाई प्रभाव पारेको छ । घरायसी निर्णय प्रकृयामा सहभागीताको अवस्था मिश्रित देखिन्छ । कुल उत्तरदाता मध्ये  अधिकांश वा ८५ प्रतिशत सदस्यहरु घरायसी नीति निर्माण प्रकृयामा पूर्ण सहभागी रहेको देखिन्छ । संस्थामा सहभागी भए पश्चात महिलाको शैक्षिक अवस्थामा देखा परेको परिवर्तन, सार्वजनिक क्षेत्रमा महिला सहभागीताले वृद्धि भएको चेतना, विभिन्न तालिम तथा कार्यक्रम मार्फत केहि गर्न सकिन्छ भन्ने विश्वास तालिममा सहभागी भए पश्चात विभिन्न आयमुलक कार्यक्रम संचालन मार्फत आय आर्जन भएको आम्दानीले परिवारमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग पुगे पश्चात पुरुषको सोचमा देखा परेको पश्चिमीकरणको प्रभाव आदि जस्ता कारणहरुको परिणाम नै पछिल्लो समयमा सहकारी संस्थामा सहभागी महिलाको घरायसी निर्णय प्रकृयामा उनीहरुको सहभागीता वृद्धि हुँदै गएको कुरा स्पष्ट रुपमा देख्न सकिन्छ ।

संस्थामा सहभागी सदस्यहरु मध्ये १२ प्रतिशत महिला सदस्यहरु सामान्य देखा परे पनि पूर्ण रुपमा पर्न सकेको देखिदैन जसको परिणाम घरायसी जीवन स्तरमा निर्णय प्रकृयामा सामान्य सहभागीता रहेको पाईन्छ । पुरुषहरुको सोचमा देखा परेको मन्द परिवर्तन, परिवारलाई सहमति र सम्झौताको केन्द्रको रुपमा लिइनु, परम्परादेखि चलिआएको प्रकृयाको एकै पटक अन्त गर्न नसकिने जस्ता कारणबाट नै संस्थामा सहभागी केहि महिला सदस्यहरुको घरायसी निर्णय प्रकृयामा सामान्य सहभागीता रहन गएको देखिन्छ । संस्थामा सहभागी सदस्यहरु मध्ये अत्यन्त न्यून जम्मा ३ प्रतिशत सदस्य महिलामात्र कमजोर पारिवारिक शैक्षिक अवस्था, पुरुषको महिलाप्रति परम्परावादी, आर्थिक निर्भरताको कारण महिलाको घरायसी जीवनस्तरमा केही फरक नआएको देखियो ।

## ५.१५ सार्वजनिक क्रियाकलाप तथा नेतृत्व विकासमा महिला सहभागिता

### ५.१५.१ सार्वजनिक क्रियाकलापमा महिला सहभागिता

सार्वजनिक शब्दले घर बाहिरको अवस्थालाई जनाउँछ जसको आर्थिक मूल्य न्यून भए पनि सामाजिक मुल्य अत्याधिक हुने गर्दछ । सार्वजनिक क्रियाकलापले राजनीति, शिक्षा, स्वास्थ्य, सामाजिक विकास निर्माण सामुदायिक व्यवस्थापन आदिलाई जनाउँछ ( चौलागाई तथा अन्य, २०६०) । समाजका सम्पूर्ण सदस्य तथा सामुदायिक तहसँग प्रत्यक्ष सम्बन्धित एवं सरोकारयुक्त क्रियाकलापहरुलाई सार्वजनिक क्रियाकलाप भन्ने गरिन्छ । सार्वजनिक क्रियाकलापमा सबै पक्ष र व्यक्तिको समान सहभागिता र पहुँच भए पनि सबैसँग उत्तिकै सम्बन्धित हुने गर्दछन् । अधिकांश नेपाली समाजमा हिन्दू धर्म तथा परम्परागत मूल्य मान्यताको प्रभाव हुनु, शिक्षामा महिलाको कम पहुँच हुनु, नीति निर्माण तहमा महिलाको न्यून उपस्थिति हुनु, बजार तथा औपचारिक पेशा एवं रोजगारमा महिलाको कम उपस्थिति हुनु, अधिकांश महिला कृषि पेशामा सहभागी हुनुले अधिकांश नेपाली महिला सार्वजनिक क्रियाकलापमा सहभागी हुन सकेका छैनन् (अर्याल २०६२) । अध्ययन क्षेत्रमा संस्थामा सहभागी हुनुपूर्व त्यहाँका सार्वजनिक क्रियाकलापमा महिलाको खासै सहभागीता रहेको नभए पनि संस्थामा सहभागी भए पश्चात विभिन्न संघ संस्थाबाट कार्यक्रम संचालन गरेका क्रियाकलापको प्रभाव स्वरुप समाजमा हुने सबै सार्वजनिक कृयाकलापमा महिलाको सहभागीता क्रमशः बढ्दै गएको पाईन्छ । समाजमा विभिन्न सार्वजनिक कृयाकलापमा महिला सहभागीको अवस्थालाई विभिन्न उपशीर्षकहरुमा निम्नानुसार उल्लेख गरिएको छ ।

## क) विकास सम्बन्धी क्रियाकलाप र महिला सहभागिता

सामाजिक जीवनमा देखा पर्ने गुणामक सुधारको अवस्था नै विकास हो (टोडारो, २९९३) । सामाजिक पक्षहरुमा सुधार ल्याउने योजना निर्माण तथा कार्यान्वयनका सन्दर्भमा सम्पन्न हुने सम्पूर्ण क्रियाकलापलाई विकास सम्बन्धी क्रियाकलाप भन्ने गरिन्छ । समाज विकासका विभिन्न पक्षमा महिला सहभागिता पुरुषको तुलनामा कम भएपनि क्रमशः सुधारको अवस्था देखिन्छ । अध्ययन क्षेत्रमा सरकारी तथा गैरसरकारी संस्थाद्धारा समाज विकास कार्यक्रममा सडक निर्माण तथा मर्मत सम्भार, विद्यालय संचालनका लागि गठन हुने व्यवस्थापन समिति, ग्रामीण खानेपानी, स्वास्थ्य संस्था निर्माण संचालन तथा अन्य भौतिक निर्माणका कार्यहरुको योजना निर्माण र कार्यान्वयनको साथै संचालित कार्यक्रमहरुबाट प्राप्त प्रतिफल वितरण जसता क्षेत्रमा महिला सहभागिता उल्लेख्य रुपमा भेटिन्छ । महिलाको शिक्षामा भएको विकास, गैरसरकारी संस्थाद्धारा संचालन गरेका जनचेतनामूलक कार्यक्रमले गर्दा पनि महिलाहरुको सहभागीतामा वृद्धि हुदै गएको पाइन्छ ।

## ख) वन व्यवस्थापन, टोल सरसफाई कार्यक्रम र महिला सहभागिता

काठ, दाउरा, घाँस तथा जडीबुटी प्राप्त हुने स्थानलाई वन भन्ने गरिन्छ । सामान्यतः वन सरकारी, सामुदायिक र निजी गरी ३ प्रकारका हुने गर्दछन् । बनको सही र उचित व्यवस्थापन, सञ्चालन र सम्वर्द्धनका लागि नेपाल सरकारले सामुदायिक वनको अवधारणा ल्याएको हो (अर्याल २०६४) । अध्ययन क्षेत्रमा पनि वनको सञ्चालन, व्यवस्थापन र संरक्षणका लागि उपभोक्ता समूहलाई वन हस्तान्तरण गरेको पाईयो । वनको व्यवस्थापन र सञ्चालन सम्बन्धी विभिन्न निकाय तथा नीति निर्माण र कार्यान्वयनका सबै कृयाकलापमा महिलाको उचित सहभागिता देख्न सकिन्छ । सरकारी तथा गैर सरकारी स्तरबाट संचालित सामुदायिक वन सम्बन्धी सम्पन्न भएका विभिन्न

तालिम तथा गोष्ठी, शिक्षामा भएको परिवर्तन, सहकारीद्धारा सञ्चालित वन संरक्षण र सम्वर्द्धन सम्बन्धी विभिन्न जनचेतनामुलक कार्यक्रमको परिणाम, महिला सदस्यहरु, वन व्यवस्थापन प्रक्रियामा सहभागी भएको पाईयो ।

सरसफाई सभ्यताको परिचय हो । गैर सरकारी संस्थाको सहयोगमा विभिन्न टोल टोलमा सरसफाई कार्यक्रमको अभियानमा सम्पूर्ण महिला समदस्यहरुको उत्साहजनक सहभागिता रहेको पाइयो । टोलका सरसफाई गर्न सुईरो वितरण, फोहर संकलन गर्ने भाँडोहरुको व्यवस्था गरेको पाइयो । सरसफाईमा पनि महिलाहरुको सहभागिता वृद्धि भएको देखिन्छ ।

# अध्याय-छ
# सांराश र निष्कर्ष

## ६.१ सांराश

नीति भनेको धेरैले स्वीकार गरेको कार्यहरुको एउटा खोका हो । नीति निर्माण प्रक्रिया भनेको निरिचत परिमाण प्राण्तिका लागि सवै स्वीकृत कार्यहरुको व्यवस्थित रुपमा गरिने कार्य हो । नीति निर्माण प्रक्रिया विशेष गरी राज्य संघ संस्था समुहले आफनो विशिष्ट कार्य सम्पन्न गर्न तथा तोकिएको लक्ष्य एवं उदेश्य पूरा गर्न निर्माण गर्नै गरेको पाइन्छ । राज्यले आफना अंगहरु मार्फत जनताका निमित्ति विविध क्षेत्रमा निति मार्फत कार्य सम्पादन गर्नका निमित्त निति निर्माण गर्दछ भने अन्य निजी एव सहकारी, सार्वजानिक क्षेत्रमा पनि ती सम्वन्धी संघ संस्थालाई निश्चित कार्य दिशा तर्फ अगाडि वढाउनु नीति निर्माण गरिएको हुन्छ । यस्ता निति निर्माण प्रक्रियामा तोकिएको सदस्यहरुको विशेष सहभागिता हुन्छ ।

समाजको विकास संग संगै विभिन्न क्षेत्रसंग सम्वन्धित भएर काम संचालनलाई सहज बनाउन नीति निर्माण प्रक्रिया संचालन भएका छन् । ति नीति निर्माण प्रकृयामा सम्वन्धीत क्षेत्रको प्रकृति अनुसार महिला एंव पुरुषको सहभागिता  हुने गर्दछ ।

कुनै क्षेत्रमा पुरुषको मात्र सहभागिता हुने गर्दछ । भने कुनै क्षेत्रमा महिला पुरुष दुवैको सहभागिता हुने गर्दछ । विगत देखि वर्तमान सम्म आइपुग्दा हरेक क्षेत्रको  नीति निर्माण प्रक्रियामा महिलाको उल्लेख्य सहभागिता नरहेको कुरा  सर्वविदितै  छ । यस अर्थमा समाजमा जनसंख्याको हिसावले समान रहेका महिलाहरु संघसंसथाको राय समितिमा नाम मात्रको उपस्थित जनाउने तर नीतिनिर्माण निर्यायक तहमा भने पछाडि पर्नै परिपार्टि रहेको सन्दर्भमा समाजमा ती सबै क्षेत्रमा महिला पुरुष समान सहभागिता आवश्यक छ । र तब मात्र समाज विकास भई समानता तर्फ अगाडि बढन् सक्छ भन्ने

मान्यता राख्दै यस सन्दर्भमा महिला संगै सम्वन्धित उनिहरको सहभागिता अवस्थालाई मध्य नजर राख्दै यस अध्यय गरिएको छ । यस अध्ययनमा विशेषगरी सहकारी संस्थामा सहभागि महिलाहरुको नीति निर्माण प्रक्रियामा महिला सहभागिताको बारेमा पत्ता लगाउन गरिएको हो । अध्ययनको  उदेश्यहरु निम्नलिखित रहेको थिए :

- नीति निर्माण र निर्णय  प्रक्रियामा महिला सहभागिता पत्ता लगाउनु ।

- महिलाहरुको सामाजिक आर्थिक जिवनमा आएको परिर्वतन पहिचान गर्नु ।

यस अध्ययनको लागि मकवानपुर जिल्लाको हेटौडा नगरपालिको बडा नं.५ पिप्लेमा रहेका संजीवनी वचत तथा ऋण सहकारी संस्था आवद्ध महिला सदस्यहरलाई अध्ययन क्षेत्रको रुपमा छनोट गरिएको छ । अध्ययन क्षेत्रमा ६३५ महिला सदस्यहरु मध्येबाट सरल सम्भावनायुक्त नमूना छनोट विधि प्रयोग गरी १०० जना सुचना दाता र हाल संचालक समितिमा रहेका ३ जना महिला सदस्य र संस्थाको वर्तमान अध्यक्षलाई पुरुष सूचना दाताको रुपमा लिएको छ ।

छनोट गरिएको सूचना दाताबाट अर्न्तरवार्ता सूची, अवलोकन मुख्य सूचना दाता संग अन्तरवार्ताको प्रयोग गरी प्राथमिक सुचना र विभिन्न स्रोतबाट द्वितीय तथ्याङ्क संकलन गरी अध्ययन गरीएको हो । अध्ययन वर्णनाात्मक अनुसन्धानात्मक ढाँचामा आधारित भएर गरिएको छ । संकलन गरिएका प्प्राथामिक र द्धितिय तथ्याङ्क लाई तालिका माध्यम मार्फत प्रस्तुत गर्दै कारण र प्रभावका आधारमा व्याख्या र विश्लेषण गरिएको छ । समान अवसर पाएका महिलाले पनि पुरुष सरह समाजमा हुने हरेक कियाकलापमा सकिय सहभागिता देखाई इमान्दारीका साथ कार्य सम्पन्न गर्न सक्छन् भन्ने मान्यता अनुरुप अध्ययन क्षेत्रमा सहकारी संस्थामा संलग्न हुन तथा संस्थाले महिलामा  पारेको प्रभावलाई व्याख्या गर्नका लागि लैगिक अवधारणा अन्तर्गत महिला विकास (विड) लाई प्रयोग गरिएको छ । ति अध्ययनमा प्राप्त  सारांशहरु निम्न अनुसार रहेको छ । ३७% महिलाहरु ब्राम्हण जातिको रहेका छन् जुन बहुसख्यक जाति रहेको पाइयो । ६९%

महिलाहरु हिन्दू धर्मवलम्बीहरु रहेका छन् । यस क्षेत्रको वासिन्दाको मुख्य धर्म रहेको पाइयो । ५६% कृषि तथा पशुपालन पेशा अपनाएका महिलाहरु रहेका छन् । यस क्षेत्रका महिलाहरुको मुख्य पेशा रहेको पाईयो ५२% महिलाहरु साधरण लेखपढ गर्ने जान्दछन् जुन आधा भन्दा बढी हो । संस्थामा सहभागि महिलाहरु मध्ये अधिकांश वा .५५..प्रतिशत महिलाहरुलाई संसथामा आवद्ध गराउन सहकारी कर्मचारीले महत्वपुर्ण भूमिका निर्वाह गरेको छ । यस संस्थामा सहभागी भए पश्चात महिला सदसयहरुमा सुधार आएकोले अध्ययनमा प्रयोग गरीएका महिला विकासको मान्यता सत्य साबित भएको छ भन्न सकिन्छ । यस संस्थामा सहभागी सदस्य मध्धे ५ वर्ष देखि ८ बर्ष सम्म भएका महिला सदस्यहरु २२% बढी रहेका छन् भने १८ % सदस्यहरु संस्थामा ८-११ बर्ष रहेको छ । यस संस्थामा आवद्ध महिला सदस्यहरको सुनौलो आय-आर्जन सुरवात प्राय सबैको बचत गर्न रकमको स्रोत पशुपालन र खेतीपातीबाट ७२% बचत गर्न रकमको मुख्य स्रोत मानिन्छ । २८% अन्य व्यापार वा नोकरी बाट बचत गर्न स्रोत रहेको पाईयो । ऋण रकम परिचालन क्षेत्र पनि यस संसथाको खेतिपाती र पशुपालनमा ८०% रहेको पाइयो । महिला सदस्यहरुको वार्षिक आम्दानी ८५% सम्म रहेको पाइयो । यस संस्था महिला सदस्यहरु आवश्यकता अनुसार समय दिने ५४% रहेको छ भने नियमित समय दिने १५ % मात्र रहेको
पाइयो । संस्थाको गतिविधिबारे सुचना हरेक सदसस्यले पाउनु पर्छे भन्नेमा ५४%ले जनसुकै बेलामा पनि संथाको आर्थिक प्रशासनिक स्थितिबारे जानकारी पाउन सक्छ भने बार्षिक सधारण सभामा ४५ % ले आर्थिक प्रशासनिक स्थिति बारे पाउन सक्छ भन्ने पाइयो ।

यस संस्थाको पुरुष सदस्यको भन्दा महिला सदस्यहरुको संख्या बढी रहेको छ । ५२% महिला सदस्य संस्था गठन भएको समय देखि हाल सम्मको शेयर सदस्य रहेको पाईयो भने ४८ % पुरुष शयेर सदस्य रहेको पाईयो । यसले गर्दा संस्थाको नीति निर्माण

प्रकृयामा महिला सहभागिता अवस्था सुधार भएको  देखिन्छ । संस्थाको बैठक छलफलमा महिलाको कुराको सुनुवाई स्पष्ट रुपमा ६७% रहेको पाईयो । ३३% सदस्यहरको राय: सुझाब केही मात्र सुनुवाई हुन्छ भन्नेमा पाईयो । घरायसी निर्णय प्रक्रियामा पुर्ण रुपमा असहभागी रहेका महिलाहरु संस्थामा सहभागी भई बिभिन्न तालिम , शिक्षाको कारण वुद्धि भएका दक्षताले गर्दा संस्थामा सहभागि भई सार्वजानिक क्रियाकलाप समाजिक आर्थिक जिवन स्थरमा निर्णय प्रक्रियामा वुद्धी भएको सहभागिताले सहभागि सदस्यहरु मध्ये ८५% सदस्यको घरायसी निर्णय प्रक्रियामा पुर्ण रुपको सहभागिता हुन थालिएको छ । संस्थामा सहभागी भए पश्चात महिला सदस्यहरु समाजमा हुने सार्वजनिक कियाकलापमा सहभागी गराउदै नेतृत्व क्षमतामा समेत वृद्धि गराएको छ ।

संस्थामा सहभागी भए पश्चात सहभागिहरु समाजमा नकारात्मक प्रभाव पार्न कियाकलाप हरु जस्तै, विकास निर्माणका सबै क्रियाकलापको योजना निर्माण तथा कार्यान्वयनमा पुर्ण सहभागि हुदै आएका छन् । त्यस्तै संस्थामा सहभागि भए पश्चात टोल सरसफाई, वातावरण सुधारमा समेत सहभागि हुन थालेका छन् । यस संस्थाको संचालक समितिमा विगत समयमा भन्दा हाल आएर महिला सदस्यहरुको सहभागी बढी रहेको पाइन्छ । समग्रमा यस अध्ययनका प्रमुख सांराश निम्न अनुसार वुंदागत रुपमा उल्लेख गर्न सकिन्छ ।

- महिलाहरुलाई सहकारी संस्थामा सहभागी गराउन सरकारी कर्मचारी हरुले महत्वपूर्ण भूमिका निर्वाह गरेको पाइयो ।
- यस वचत तथा ऋण सहकारी संस्थामा वर्तमान समयमा भन्दा महिलाको सहभागिता कमश :वृद्धि हुदै गएको देखिन्छ ।
- यस संस्थामा सहभागी भए पश्चात महिलाहरुले मासिक बचत गर्ने रकम आफै व्यबस्था गर्न सफल भएको देखिन्छ ।

- यस संस्थामा सहभागी भए पश्चात सम्पुर्ण महिलाहरु साक्षर केही महिलाहरु औपचारीक शिक्षा हासिल गर्न सफल र प्राय:सबै महिलाहरुले विभिन्न व्यवसायिक तालिम प्राप्त गरेकोले समाजका क्रियाकलाप प्रति सचेत र दक्ष बन्न सफल भएको छ ।

- यससंस्थामा सहभागी भए पश्चात महिलाहरुको घरायसी निर्णय प्रकृयामा पहुच भएको देखिन्छ ।

- यस संस्थामा सहभागी भए पश्चात समाजमा हुने सबै खाले बिकास निर्माण क्रियाकलापमा महिलाहरुको सहभागिता बृद्धि भएको देखिन्छ ।

- संस्थामा सहभागी भए पश्चात समाज तथा वातावरण सुधार जस्ता कल्याणकारी कार्यमा समेत सहभागी भएको देखिन्छ ।

- अध्ययनको लागि प्रयोग गरिएको सिद्धान्तको मान्यता सामुदायिक बन र त्यसका प्रभावहरुमा स्पष्ट रुपमा देखिएको पाइयो ।

## ६.२ निष्कर्ष

यो शोध अध्ययन मकवानपुर जिल्लाको हे.न.पा. वडा नं. ५ पिप्लेमा स्थापना भएको संजीवनी वचत तथा ऋण सहकारी संस्थामा आवद्ध रहेका महिला सदस्यहरुको नीतिनिर्माण प्रकृयामा सहभागिताको अवस्था थाहा पाउनको लागि भएको हो । यसका लागि उत्तरदाता महिलाहरुको पेशा, जात, धर्म, उमेर, पारिवारिक संरचना, शैक्षिक अवस्था, संस्थामा सहभागी समय अवधि, जातिका आधारमा शेयर सदस्य ऋण परिचालन, वार्षिक आम्दानी घरायसी निर्णय प्रकृया संस्थामा प्रेरित गर्ने स्रोत आदि सम्बन्धमा तथ्याङ्क संकलन गरियो । अन्तरवार्ता, अवलोकन, तथ्याङ्क संकलन प्रश्नावली प्रविधि अपनाइएको थियो ।

यस संस्थामा जम्मा शेयर सदस्यहरु १४५५ छन् भने महिला शेयर सदस्यको संख्या ७३५ रहेको छ । यसरी कुल शेयर सदस्यहरुको ५०.५० % महिला शेयर सदस्यहरु

देखिन्छन् । तर ११ सदस्य कार्य समितिमा महिला सदस्य जम्मा ३ जना छन् । यसरी कार्य समितिमा महिलाको प्रतिनिधित्व २७.३०% मात्र देखिन्छ । संस्थाको साधारण सभामा सबै शेयर सदस्यहरुले आफ्नो मत राख्न पाउने व्यवस्था छ । यस प्रकारका अवसरहरुमा ६७% महिलाले आफ्ना कुरा निर्वाचनहरुमा राख्न सकेको जनाएका छन् ।

सहकारी संस्थामा आवद्ध भएर व्यवसाय संचालन गर्न लागेपछि महिलाहरुको परिवार भित्र र सामाजिक जीवनमा पनि हैसियत केहि अभिवृद्धि भएको पाईन्छ । घरायसी निर्णय प्रकृयामा ८५% महिलाहरुको पूर्ण सहभागी हुने गरेको अध्ययनले देखाएको छ । त्यस्तै सामाजिक विकास सम्बन्धी क्रियाकलाप वन व्यवस्थापन र टोलसरसफाई कार्यक्रममा पनि महिलाहरुको सहभागिता उल्लेख्य रहेको पाइन्छ । यस प्रकार यस सहकारी संस्थाले नीति निर्माण प्रकृयामा महिलाको सहभागिता प्रभावकारिता अभिवृद्धिमा सकारात्मक प्रभाव परेको छ भन्न सकिन्छ ।

# सन्दर्भ सूची

अर्याल, भोजेन्द्र, २०६२, लैंगिक अध्ययन, काठमाण्डौं, दिक्षान्त पुस्तक प्रकाशन किर्तिपुर,

आचार्य, बलराम, २०६१, समाजशास्त्रीय/मानवशास्त्रीय अनुसन्धान पद्धति, काठमाण्डौं नेशनल बुक सेन्टर

आचार्य, बलराम, २०६४, लैङ्गिक अध्ययन समाज शास्त्रीय तथा मानव शास्त्रीय विश्लेषण चौथो संस्करण , राज अफसेत प्रेश , ताहचाल काठमाण्डौ

अक्सफोर्ड, २००३, ईसेन्टीयल डिक्स्नेरी दिल्ली, अक्सफोर्ड युनिभरसिटी प्रेस

वेकर, थेरेस, एल, १९९४, दुईङ्ग सोसल रिसर्च , सेकेण्ड मेकग्रा हिल , इन्क सिंगापुर ।

खड्का, हरि, १९९८, महिलाको लागि समूह बचत दक्षिणकाली एक अध्ययन, काठमाण्डौं: त्रिभुवन विश्वविद्यालयमा प्रस्तुत अप्रकाशित शोधपत्र

खड्का, रमा, २०६५, तल्लो वर्गमा सहकारीको प्रभवा

चौधरी, राम, १९९८, महिला बचत प्रक्रिया र निर्णय प्रक्रियामा महिला सहभागिता: सप्तरी जिल्लाको एक अध्ययन, काठमाण्डौं, त्रिभुवन विश्वविद्यालयमा प्रस्तुत अप्रकाशित शोत्रपत्र

ढुंगेल, दुर्गा, २०६७, हेटौंडा सन्देश, दैनिक पत्रिका, मकवानपुर, महिला सशक्तीकरणमा भूमिका

गौतम, २०६६, नेपाली समाज र संस्कृतिको संक्षिप्त परिचय,

घिमिरे, हरिहर, २०६३, समाजशास्त्र र मानवशास्त्रको परिचय, काठमाण्डौं तलेजु प्रकाशन ।

जोशी, मेनुका, २००५, लघु ऋण कार्यक्रमबाट महिला सशक्तीकरण, नामटार गा.वि.स. को एक अध्ययन, काठमाण्डौं त्रिभुवन विश्वविद्यालयमा प्रस्तुत अप्रकाशित शोधपत्र ।

मार्शल, हर्डन, २००४, अक्सफोर्ड डिक्स्नेरी अफ सोसियोलोजी दिल्ली, अक्सफोर्ड युनिभरसिटी प्रेस

ने.रा.प्र.प्र, २०४०, बृहत नेपाली शब्दकोश, काठमाण्डौं नेपाल राष्ट्रिय प्रज्ञा प्रतिष्ठान नेपाल,

पुरी, विष्णु एण्ड श्याम, खड्का, १९९५, प्रोडक्सन क्रेडिट फर रुरल वमेन प्रोग्रामर : ए बेन्च मार्क- कम - ईभ्यालुएसन स्टडिज. काठमाडौं मिनिष्टरी अफ लोकल डेमलोपमेन्ट

पराजुली, लक्ष्मी, २००२, महिला समूह बचत तथा ऋण कार्यक्रमको सामाजिक, आर्थिक प्रभाव र पूजी निर्माणः ललितपुर सानोकोठीको एक अध्ययन, काठमाण्डौंः त्रिभुवन विश्वविद्यालयमा प्रस्तुत अप्रकाशित शोधपत्र

प्लान, २००५, महिला आवाज हेटौंडा, प्लान नेपाल

राई, सुमित्रा, २०६५, सुकुम्बासीले जोडे जग्गा, बर्ष, १० अंक ९, काठमाण्डौं, संचारिका समूह नेपाल

रेग्मी, ऋषिकेशराज, २०६३, द ईरेन्सियल अफ सोसियोलोजी काठमाडौं बुद्ध एकेडेमी पब्लिश एण्ड डिष्ट्रिव्यूटर्श प्रा.लि.

कजेन्द्र, प्रसाद, २०६०, नेपालमा सहकारीको विकास र व्यवस्थापन, काठमाण्डौं राज भण्डारी प्रकाशन

स.स., २०६४, सहकारी सन्देश, मासिक पत्रिका बिजुली बजार, काठमाण्डौं

स.प्र.के., २०५७, सहकारीता र नेपालमा यसको विकास, काठमाण्डौ सहकारी प्रशिक्षण केन्द्र, नेपाल

थापा, लिलि, २०५९, सामाजिक, लैंगिक विभेद एक अवधारणा र व्यवहार काठमाण्डौं सचेतना नेपाल

योङ्ग, पि.भी, १९९८, साइना रिफिक सोसल सभै एण्ड रिसर्च, न्यू दिल्ली , प्रेन्टिक हक अफ इण्डियन प्राइभेट लिमिटेड

# अन्तरवार्ता अनुसूची

## १. उत्तरदाताको व्यक्तिगत विवरण

उत्तरदाताको नाम :-

उमेर :

शिक्षा :

धर्म :

पेशा :

जाति :

२. उत्तरदातको परिवारिक विवरण :

| सि.नं | नामथर | उत्तरदाता संगको नाता | उमेर /लिङ्ग | शैक्षिक योग्यता | पेशा | धर्म | वैवाहिक स्थिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

३) संस्थामा आवद्ध हुनु भएको कति समय भयो?

क) २ बर्ष ख) ४ बर्ष ग) ६बर्ष घ) ६ भन्दा बढी

४) संस्थामा प्रवेश गर्नको लागि तपाईलाई कसले सहयोग गर्नु भयो ?

..........................................................................................

क)परिवारको सदस्य ख) साथि ग) सहकारी कर्मचारी घ) महिला समूह

५) तपाईको आम्दानी मुख्य स्रोत के-के हुन् ?

क) नोकरी ख) व्यापार व्यवसाय ग) पशुपालन घ) खेतिपाती

६) तपाईको संस्थामा कतिको शेयर किन्नु भएको छ ?

क) १००।- ख)५००।- ग) १०००।- घ) १०००।-भन्दा माथि

७) तपाईले संस्थामा मासिक बचत कति गर्नु भएको छ ?

क) १००।- ख)२००।- ग) ३००।- घ) ४००।-भन्दा माथि

८) तपाईले संस्थामा बचत गर्नुको उदेश्य के हुन् ?

क) व्यवसाय गर्न

ख) कृषि सम्बन्धि काम गर्न

ग) गहना बनाउन

घ) घरायसी काम गर्न

ङ) अन्य

९) संस्थामा सदस्य भए पश्चात निम्न मध्ये कुन -कुन तालिममा सहभागी हुनु भएको छ ?

क) सहकारी शिक्षा ख) लेखा पालन ग) सचेतना घ) प्रशिक्षक/पशिक्षण

१०) प्रारम्भमा संस्थाको प्रशासनिक र आर्थिक गतिविधि बारे सूचना कहिले पाउनु हुनथ्यो ?

क) बार्षिक साधरण सभाबाट ख) मालिक बैठकबाट

ग) मालिक प्रगति प्रतिवेदनबाट घ) मागेको बखत

**(समिति भित्र बस्ने सदस्यहरुलाई मात्र सोध्ने )**

११. तपाई संचालक समितिमा बस्नु भएको छ कि छैन ?

क) छ                    ख) छैन

१२. तपाई संचालक समितिमा कति बर्षे देखि हुनुहुन्छ ?

१३. संचालक समितिमा तपाई कसरी छानीनु भयो ?

क) निर्वाचन द्वारा          ख) मनोनयनद्धारा

१४. संचालक समितिमा तपाईले दैनिक कति समय दिनु हुनछ ?

क) दैनिक १ घण्टा     ख) दैनिक २ घण्टा     ग) दिन भरि ( १०-५)

घ) आवश्यकता अनुसार

१५. संचालक समितिको सदस्यको हैसियतले नियमित बेठकमा सहभागी हुनुहुन्छ कि हुनुहुन्न ?

क) नियमित हुन्छु     ख) धैरे जसो हुन्छु     ग) कहिले काँहि हुन्छु     घ) हुन्न

१६. संस्थामा शेयर सदस्यको रुपमा महिला सहभागिताको अवस्था कस्तो छ ?

क) महिला र पुरुषको संख्या बराबर       ख) महिलाको संख्या बढी

ग) पुरुषको संख्या बढी

१७. संस्थाको नीति निर्माणमा महिलाको भूमिकाको प्रभावकारिता बढी अघिल्लो संचालक समितिको कार्यकालमा थियो कि हाल बढी छ?

क)अघिल्लोमा बढी थियो    ख) हालकोमा बढी छ

१८. तपाईले बैठकमा राख्नु भएको विचारहरु नीति निर्माण गर्दा  कतिको समेटिएको पाउनु भएको छ ?

क) घेरै समेटिन्छ          ख) केहि समेटिन्छ             ग) समेटिदैन

१९. बैठक छलफलमा आफनो राय वा सुजाव व्यक्त गर्ने पाइन्छ कि पाइदैन ?

क) स्पष्ट रुपमा व्यक्त गर्ने पाइन्छ       ख) जबरजस्ती व्यक्त गर्नु पर्छ

ग) व्यक्त गर्न पाइदैन

२०. यदि स्पष्ट रुपमा राय व्यक्तः गर्न पाइदैन भने किन पाइदैन भन्ने तपाईलाई लाग्छ ?

क)भनेको कुरा प्रभावकारी हुन नसकिएको छ

ख) महिला प्रतिको पूर्वाग्रका कारण

२१. संस्थाको कार्य सम्पादन सम्बन्धमा भएको निर्णयमा तपाईको सहभागिता के मा हुने गरेको छ ?

क) निक्षेप संकलन

ख) व्याजदर निर्धारण/ऋृण परिचालन

ग) सहकारी व्यबस्थापन

घ) विकास निर्माण

२२. संस्थामा सहभागि भएपछि घरपरिवारमा हुने क्रियाकलापका निर्णयहरुमा तपाईको सहभागिताको अवस्था कस्तो छ ?

क) पूर्ण　　　　ख) सामान्य　　　　ग) केहीपनि छैन

२३. सहाकारी सम्बन्धी तपाईको धारणा के छ ?

क) एकदमै राम्रो हुदो रहेछ

ख) राम्रो हुदो रहेछ

ग) खास फरक नपर्ने रहेछ

घ) राम्रो लागेन

२४) संस्थाले तपाई , तपाईको परिवार तथा समाजमा परेका नकारत्मक प्रभाव केही छन् कि ?

.....................................................................................................

.....................................................................................................

२५. संस्थाबाट लिएको ऋण कुन कुन क्षेत्रमा परिचालन गर्नु भएको छ।

क) पशुपालन ख) खेतीपाती ग) व्यापार

घ) घरायसी काम

२६. संस्थाबाट ऋण लिएर लगानी गरी वार्षिक कति रकम आम्दानी गर्नु भएको छ ?

क) ५००० भन्दा कम ख) ५०००-१५०००

ग) १५०००- २५००० घ) २५००० देखि माथि

**अध्यक्ष उत्तरदातालाई सोधिने प्रश्न**

२७) तपाई कति कार्यकाल देखि संचालक समितिमा हुनुहुन्छ ?

..........................................................................................

२८) संचालक समितिमा रहेका महिलाहरुको भूमिका कतिको प्रभावकारी छ ?

..........................................................................................

२९) यस संस्थाको निति निर्माण प्रक्रियामा महिला सदस्यहरुले कतिको सहयोग गर्दछ ?

क) पूर्ण सहयोग ख) सामान्य ग) गर्दैन

३०) महिला सदस्यबाट प्राप्त सुझावहरु नीतिनिर्माणका सन्दर्भमा उपयोगी हुन्छन् कि हुदैनन?

..........................................................................................

३१) वैठकमा महिला सदस्यहरुको उपस्थित कतिको हुन्छ ?

क) सधै हुन्छ ख) कहिले काँही हुन्छ ग) हुदैन

३२) नीति निर्माण र निर्णय प्रकृयामा महिला सदस्यहरुको सकियता पहिले बढी छ कि हाल वढी छ ?

क) पहिले बढी छ ख) हाल बढी छ

# अन्तरवार्ता प्रश्नसूची

**१. उत्तरदाताको व्यक्तिगत विवरण**

उत्तरदाताको नाम :-

उमेर :

शिक्षा :

धर्म :

पेशा :

जाति :

२. संस्थामा सहभागी भए पश्चात तपाईको आर्थिक अवस्थामा पहिलेको तुलनामा कुन कुन पक्षमा कस्ता सुधार भएको छ ?

.........................................................................................

३. संस्थामा सहभागी भएपश्चात तपाईलाई समाजले निर्वाह गर्ने भूमिकामा कस्तो परिवर्तन आएको छ ?

.........................................................................................

४ संस्थामा सहभागी हुनु भन्दा पहिले घरायसी निर्णय प्रकृयामा तपाईको सहभागीको स्तर कस्तो थियो ?

.........................................................................................

५ तपाईको घरपरिवार भित्र कुनै महत्वपूर्ण निर्णय कसरी गर्नुहुन्छ ?

.........................................................................................

६ संस्थामा प्रवेश गर्नु भन्दा अगाडी तपाईको स्वास्थ्य स्थिति र पछाडीको स्वास्थ्य स्थितिमा के कस्ता फरक आएको अनुभव गर्नु भएको छ ?

..........................................................................................

७ सहकारी शिक्षा लिएर त्यसको उपयोग कसरी गर्नु भएको छ ?

..........................................................................................

८ संस्थामा सहभागी भएपछि आफ्नो समूहमा कस्ता कस्ता क्रियाकलापमा तपाईको सहभागीता बढेको छ ?

..........................................................................................

९ चेलीवेटी वेचविखन बालवालिका ओसार पसार वा किनवेच सम्बन्धी सवाललाई तपाईले कसरी बुझ्नु भएको छ र यस्ता समस्याहरु समाधान गर्न कस्तो उपाय अपनाउनु उचित होला ?

..........................................................................................

१० चेलीबेटी वेचविखन विरुद्ध तपाईको धारणा के छ ?

..........................................................................................

११. तपाईले आफ्नो क्षेत्रभित्र रहेका वनव्यवस्थापनमा तपाईको कस्तो सहभागिता रहेको छ ?

..........................................................................................

१२. वन व्यवस्था सम्बन्धी तपाईको धारणा के छ ?

..........................................................................................

१३. तपाईले टोल सरसफाईलाई कसरी हेर्नु भएको छ ?

.......................................................................................

१४. तपाईले राजनीति वारेमा केहि जान्नु भएको छ ?

.......................................................................................

१५. एड्स सम्बन्धमा तपाईले कसरी बुझ्नु भएको छ ?

.......................................................................................

१५. सार्वजानिक विकास निर्माणका कार्यमा तपाई कुन हैसियतमा सहभागी हुनु हुन्छ ?

.......................................................................................